मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily


प्रतिपक्षी बेन्चमा बस्ने
पृष्ठ २ मा

● वर्ष १ ● अंक ६२ ● २०७९ साल पुस २६ गते मंगलार ● Tuesday 10, Jan. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जसपा दलको नेतामा यादव चयन



मधेशदृष्टि

जनकपुरधाम, २५ पुस । जनता समाजवादी पार्टी (जसपा) नेपालको मधेस प्रदेश संसदीय दलको नेतामा सरोज यादव चयन भएका छन् ।

निर्वतमान सभामुख समेत रहेका यादव सर्वसम्मत भएसँगै मुख्यमन्त्रीमा दोहोरिने लालाबाबु राउतको प्रयास असफल भएको छ । निर्वाचन समितिले निर्वाचनको कार्यतालिका सार्वजनिक गरेपनि सहमतिमै यादवलाई नेता चयन गरिएको जसपाका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले बताए ।

दलको नेताका लागि मुख्यमन्त्री लालबाबु राउतले पनि दाबी गरेका थिए । दुवै नेताले उम्मेदवारी समेत दिएका थिए । उम्मेदवारीपछि पुनः बसेको बैठकमा राउतले यादवलाई समर्थन गरेसँगै सर्वसम्मत भएको हो । उम्मेदवारी फिर्ता लिने समय ३:३० बजे सम्म रहेकोमा राउतले त्यसअघि नै यादवलाई समर्थन जनाएका थिए ।

बारा क्षेत्र नम्बर १ (२) बाट निर्वाचित यादव सभामुख रहेका बेला आफ्ना कार्यकाल सफलतापुर्वक सम्पन्न गरेका छन । उनको कार्यकुशलताले नै गर्दा पार्टीसँग लोसपा फुटि रहेका बेला उनलाई जसपा अध्यक्ष अघिल्लो पटक मुख्यमन्त्री बनाउने आश्वासन सहित जसपामा रोकेका थिए ।

दलका नेता बनेसँगै यादव नै मधेशको मुख्यमन्त्री बन्ने पनि निश्चित भएको छ । सातदलीय गठबन्धनको आलोपालो सहमतिमा पहिलो चरणमा जसपालाई मधेसको नेतृत्व दिने सहमति भइसकेको छ भने कांग्रेससँग समेत जसपाले सरकारले बनाउने आन्तरिक छलफल भइरहेको छ । जुन गठबन्धनसँग पनि सरकार बने जसपाले नेतृत्व पाउने निश्चित छ । सरकारको नेतृत्व जसपाले पाए यादव मुख्यमन्त्री बन्ने निश्चित छ ।

मधेस प्रदेशसभामा १६ सांसदसहित जसपा तेस्रो ठुलो दल हो । संघीय सत्ता समीकरण अनुसार यस प्रदेशमा जसपाकै नेतृत्वमा सरकार गठन हुने भएपछि दलको नेता चयन गर्न सकस भएको थियो । यसअघि दलको नेता बन्न आकांक्षी धेरै भएपछि नेता चुन्न पार्टी अध्यक्षलाई अधिकार दिइएको थियो । तर, अध्यक्ष समेत सो जिम्मेवारीबाट पन्छिँदै प्रदेशलाई नै निर्वाचन गराउन निर्देशन दिएपछि प्रदेश समितिले सर्वसम्मत गराउन नसक्दा आज निर्वाचनको तयारी गरिएको थियो ।

### को हुन् नेता यादव

बाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर ३ नयका टोला निवासी परमानन्द प्रसाद यादवको छोरा हुन् सरोजकुमार यादव । उनको जन्म गृह गाउँ सिम्रौनगढ नयका टोलामै वि.सं. २०२८ माघ १७ गते भएको हो । यादवको गाउँबाटै प्राथमिक शिक्षा गरेका हुन् भने माध्यमिक तहको शिक्षा श्री कंकालिनी माध्यमिक विद्यालय सिम्रौनगढबाट गरेको हुन् । नेता यादव बुवा परमानन्द सँगै गजेन्द्र नारायण सिंहको पालादेखि सद्भावनाबाटै राजनीति गर्दै आएका हुन् ।

पहिलो पटक उनी हरिहरपुर गाविसबाट प्रधानपंचमा जितेर राजनीतिक यात्रा शुरु गरेको बनेको जानकारी उनका भाई पने नातेदार चुरे अभियानी सुनिल यादवले जानकारी दिएका छन् ।

उनका अनुसार त्यसपछि उनी पहिलो पटक २०६३ सालमा राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी संविधान सभा सदस्यबाट संसदीय यात्रामा प्रवेश गरेका हुन । २०६३ मा बारा क्षेत्र नं. १ बाट विजयी भएका थिए । सो जित संगै उनी राजेन्द्र महतो स्वास्थ्य मन्त्री र उद्योग तथा आपूर्ति मन्त्री भएको बेला दुई/दुई पटक राज्य मन्त्री समेत बनेका हुन् ।

त्यसपछि २०७० सालमा सोही क्षेत्रबाट निर्वाचन लड्दा कांग्रेसका उमाकान्त चौधरीसँग पराजित भएका थिए ।

देशमा आएको परिवर्तन संगै उनी २०७४ सालमा राष्ट्रिय जनता पार्टीबाट बारा १ (२) बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । सो निर्वाचित संगै उनी राजपाकै कोटाबाट सभामुख बन्न समेत सफल भए ।

हालै सम्पन्न प्रदेश सभाको निर्वाचनमा जसपाबाट पुनः बारा १ (२) बाट नै प्रदेश सभामा निर्वाचित भएका छन् । यो जीत संगै उनी मुख्यमन्त्री पदका लागि जसपाको संसदीय दलको नेतामा चयन भएका छन् । जसपासँग लोसपा अलगिएपछि उनी जसपा नै रोजेका थिए । जसपा रोजेपछि उनलाई हाल मुख्यमन्त्री बन्ने अवसर पाउने सम्भावना बढेको छ ।

## चिकित्सकको लापरवाहीका कारण महिलाको मृत्यु





मधेशदृष्टि

जनकपुरधाम, २५ पुस । जनकपुरधाम स्थित काव्या अस्पतालमा चिकित्सकको लापरवाहीले एक सुत्केरी महिलाको मृत्यु भएको आरोप लगाइएको छ । जनकपुरधाम-२१ कुर्थाका अमित साहकी पत्नी २६ वर्षीया पत्नी रिंकु साहको मृत्यु भएको हो । मृतक रिंकुका पति अमितले भने रिंकुको सुत्केरीका बेला अपरेशन गरेर नै बच्चा निकाल्नुपर्छ चिकित्सकहरुले जानकारी गराएपछि सरकारी अस्पताल नगई काव्या अस्पतालमा आयौं, तर यहाँ ज्यानै गुमाउनु परेको छ ।

उनले भने सुरुदेखि नै सरकारी अस्पतालमा नगई महिनैपिच्छे काव्या अस्पतालकी डा. सोनिया सिंहसँगै रिंकुको फलोअप जाँच गराउँदै आएका थिए । आइतबार रिंकुलाई सुत्केरी बेथा लागेपछि बिहान करिब १० बजे काव्या अस्पताल ल्यायौं, चिकित्सकहरुले अपरेशन गर्नुपर्छ जानकारी गराए ।

सोही अनुरुप डा. सोनियाले दिउँसो करिब १ बजे रिंकुलाई अपरेशन रुममा लगिन् । उनको अपरेशन सफल भई करिब डेढ बजे जुम्लयाहा बच्चा जन्मियो । तर अपरेशनपछि डा. सिंहले अब सबैथोक ठिकठाक रहेको जानकारी दिएको केही बेरमै रिंकुलाई अपरेशन पश्चात अत्यधिक रक्तश्राव भइरहेकोले तुरन्त रगको व्यवस्था गर्न हामीलाई भनियो अमितले भने । हामीले रगतको व्यवस्था पनि गरियौं । त्यतिबेलासम्म बिरामीसँग परिवारका हामी कसैलाई भेटघाट गर्न दिएन । रगत उपलब्ध गराएको केही बेरमै फेरि अमितलाई बोलाएर डा. सिंहले रिंकुको रक्तश्राव अझै नरुकेकाले पाठेघर नै हटाउनुपर्ने बताए । दुईवटा बच्चा भइसकेकोले पाठेघर हटाउँदा केही फरक नपर्ने भन्दै पाठेघर हटाउने अनुमति दिए । डा. सोनियाले रिंकुको पाठेघर हटाएर रिंकुलाई एनआइसियूमा सिफ्ट गरी आफूलाई भेटन जानु भनेर घर गए । त्यसपछि रिंकुसँग भेट्न जाँदा उनको अवस्था खराब रहेको र उनी एनआइसियूमा रहेकोले भेट्न नपाउने भन्दै अस्पतालका कर्मचारीले प्रवेश नै गर्न नदिएको दुखेसो सुनाउँदै उनले भने आफूलाई त्यही बेला केही गडबड छ भन्ने शंका लाग्यो । त्यसको केहीबेर पछि अस्पतालका एक चिकित्सकले आफूलाई केबिनमा बोलाएर रिंकुको मृत्यु भइसकेको कुरा जानकारी दिए । घटना पश्चात पिडीत परिवारले अस्पतालमा होहल्ला समेत गरेका थिए । तर उनको कसैले सुनेन उनी भन्छन आफू पिडा सुन्नुको त कुरै छाडौ, उल्टै मान्छे लगाएर हातपात गरायो ।

डा. सिंहले अपरेशनकै बेला कुनै ठूलो गल्ती गरेर रिंकुलाई मारेको हुनसक्ने आरोप अमितको रहेको छ । रिंकुले डा. सिंहसँग नियमित गर्भ परीक्षण गर्दै आएकी थिइन् । चिकित्सककै सल्लाह बमोजिम आइतबार अस्पतालमा भर्ना भएको अमितले बताए । यसबीचमा पनि रिंकु चिकित्सक सिंहसँग नियमित सम्पर्कमा रहेको उनले बताए । रिंकु करिब आठ वर्षअघि डा. सिंहसँगै जनकपुरकै धनुषा अस्पतालमा कार्यरत थिइन् ।

यता, अस्पतालका डा. एस.के. सिंहले रिंकुको चिकित्सकको लापरवाहीले भने श्वास प्रश्वास (हाइपो होल्नीक सट) ले समस्या भएको कारणले भएको दाबी गरेका छन् । उनले भने घटना दुःखद नै हो, हामी पनि दुखी छु, आफूले अस्पताल खोलेको ५ वर्षको अवधिमा हजारौले जिन्दगी पाएको यो दोश्रो घटना हो जहाँ बिरामीको मृत्यु भएको हो । डा. सिंहले भने पिडीत परिवारले बिरामी रिंकुसँग भेटन नदिएको आरोप गलत रहेको भन्दै बिरामीका मामा मनोज साह ल्याबमै कार्यरत रहेको कारण उनी पटक पटक सम्पर्कमा थियो र सबै कुरा जानकारी गराउँदै आएको थियो ।

## पर्सा र बारामा १४ क्रसर उद्योग बन्द गराइयो



मधेशदृष्टि

वीरगंज, २५ पुस । पर्सा र बारामा गैरकानूनी रुपमा संचालित १४ वटा क्रसर उद्योग बन्द गरिएको छ ।

पर्सामा ४ र बारामा १० वटा क्रसर उद्योग बन्द गरिएको हो । वीरगञ्ज-२९ मुसैली स्थित यादव क्रसर उद्योग प्रालि, वीरगञ्ज-२९ बसडिल्वास्थित सत्यम शिवम बालुवा प्रशोधन उद्योग, जय नेपाल बालुवा उद्योग, पर्सागढी-४ परशुरामपुरमा रहेको गंगा बालुवा उद्योग बन्द गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

सखुवाप्रसौनी-१ मा सञ्चालन गरेको पप्पु कन्स्ट्रक्सनलाई स्टक स्टोर कारोबार गर्नमा रोक समेत लगाइएको छ । पर्साका प्रहरी उपरीक्षक कोमल शाहले पर्सामा सञ्चालनमा रहेका सबै क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गरिसकिएको जानकारी दिए । उनले भने पर्सामा चार वटा क्रसर तथा बालुवा प्रशोधन उद्योग सञ्चालनमा थियो, जिल्ला प्रशासन कार्यालयको आदेश बमोजिम तत्कालै बन्द गराएको छु ।

जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिमल्सिनाले गैरकानुनी र मापदण्ड विपरीत सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गरिएको जानकारी दिए । 'पर्सामा ९ वटा क्रसर तथा बालुवा प्रशोधन उद्योग रहेछ । जिल्ला समन्वय समितिमा त एउटा पनि दर्ता रहेनछ,' उनले भने, 'प्रहरीलाई भनेर गैरकानुनी ढंगले सञ्चालनमा रहेका क्रसर जन्य उद्योग बन्द गराएका छौं ।'

त्यस्तै बारामा नवीकरण नगराएका र एउटा उद्देश्यले खोलेर अर्कै काम गरिरहेका १० वटा क्रसर उद्योग बन्द गर्नुको साथै विद्युत लाइन काटिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्यले जानकारी दिए ।

करैयामाई गाउँपालिका स्थित बौदीमाई बालुवा प्रशोधन उद्योग, कलैया उपमहानगरपालिका-४ मा रहेको चण्डीमाई कन्ट्रक्सन एण्ड सप्लायर्स, फेटा गाउँपालिका-७ स्थित सुहाना ट्रेडर्स, फेटा गाउँपालिका-६ स्थित गढीमाई बालुवा धुलाई उद्योग लगायत १० वटा क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गर्नुको साथै विद्युत लाइन काटिएको छ ।

बौदीमाईले बालुवा प्रशोधन भनेर ठूलो क्रसर चलाउने गरेको, चण्डीमाइले पनि बालुवा धुवाई भनेर क्रसर राखेको, उद्देश्य अर्कै राखेर खोलिएको सुहानाले पनि क्रसर चलाएको अनुगमनको क्रममा देखिएको थियो। सिम्रौनगढ स्थित जयमातादी ढुंगा क्रसर उद्योग भने बन्द अवस्थामा नै भेटिएको र प्रसौनी गाउँपालिका स्थित हृदय नारायण बालुवा प्रशोधन उद्योगले कुनै पनि कागजपत्र देखाउन नसकेको अनुगमन उपसमितिले जनाएको छ ।

उपसमितिले बारामा शुक्रबारदेखि निरन्तर बालुवा प्रशोधन केन्द्र र क्रसर उद्योगको अनुगमन गरिरहेको छ । उपसमितिले यसअघि १५ वटा क्रसर तथा बालुवा प्रशोधन उद्योगको विद्युत लाइन काटेको थियो । बारामा ५३ वटा क्रसर तथा बालुवा प्रशोधन उद्योग सञ्चालनमा छन् ।



# शिक्षक सरूवाको निर्णय सदर गर्न प्रदर्शन

आरके श्रीवास्तव

गरुडा, २५ पुस । रौतहट जिल्लाको मध्य भाग गरुडामा शिक्षक सरूवाको निर्णय सदर गर्न प्रदर्शन गरिएको छ।

शिक्षकको आडमा बालबालिका प्रयोग गर्ने,बन्द गरा,नगरपालिकाको निर्णय सदर गरौं लगायतका नाराहरू लगाउँदै प्रदर्शन गरेका हुन् । प्रदर्शन पछि स्थानीयहरूले नगर प्रमुख कन्थमनी जयसवाल र इप्रका गरूडामा ज्ञापनपत्र समेत बुझाएका छन् ।

प्रधानाध्यापक सरुवाको विषय लिएर गरुडा नगरापलिकामा केहि दिन देखि विवाद चलिरहेको छ । दुइ दिन पहिला प्रधानाध्यापक सरुवा गरेको भन्दै विद्यार्थीहरुले नगरपालिका अगाडि प्रदर्शन गरेका थिए । भने आज सरुवा सदर गर्न प्रदर्शन गरिएको छ।




सोमबार प्रदर्शनमा उत्रेका स्थानियहरुले विद्यार्थीहरुलाई बिपक्षीदलका केहि ब्यक्तिले आफ्नो स्वार्थका पूर्तीका लागी उचालेर गराएको प्रदर्शन र बिधालयलाई राजनैतिक आखाडा बनाउन खोजेको आरोप लगाएका छन् ।

शिक्षा क्षेत्रलाई सुधार गर्न खोज्दा बिधालयमा राजनितीकरण गरि बिधार्थीलाई उचालेर आन्दोलन गराउनु, पालिका घेराउ गराउनु अशोभनिय रहेको उनीहरुले आपती जनाएका छन् । एउटै विद्यालयमा लामो समय देखि कार्यरत रहेको कारण शैक्षिक अवस्था तहसनहस हुन पुगेको, विद्यालयलाई राजनीतिक अखडा बनाएकाले सुद्धिकरणका लागि सरुवा गर्न उचित रहेको ठहर गर्दै त्यसैलाइ सदर गर्न माग गरेका हुन् । त्यस्तै आइतवार मात्रै गरुडा नगरपालिकाले ४ वटा सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु लाई सरुवा गरेपछि नगर संघर्ष समिति गरूडा द्वारा बिरोध रैली निकाल्दै नगर संघर्ष समितिका संयोजक चुनचुन साहको नेतृत्वमा नगर प्रमुख जयसवाललाई ज्ञापन पत्र बुझाएको थियो । साथै ईलाका प्रहरी कार्यालय गरूडाका प्रहरी नायब उपरीक्षक बरूण बहादुर सिंहलाई पनि ज्ञापन पत्र बुझाएको थियो ।

# प्रतिपक्षी बेन्चमा बस्ने समाचार भ्रामक : प्रभु साह




आरके श्रीवास्तव

गरुडा, २५ पुस । प्रतिपक्षी बेन्चमा बस्ने समाचार भ्रामक रहेको रौतहट क्षेत्र नम्बर ३ का संघीय सांसद प्रभु साहले बताएका छन् ।

आम जनता पार्टी (आजपा) का अध्यक्ष समेत रहेका पूर्वमन्त्री साहले केही संचार माध्यमले भ्रामक समाचार लेखेर चरित्र हत्या गर्ने षडयन्त्र गरेको बताएका छन् । सुनियोजित रुपमा मेरो चरित्र हत्या गर्ने प्रयास गरिएको साहले आरोप लगाएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार विश्वासको मत लिने तयारी गरेका छन् । त्यसमा प्रतिपक्षी बेञ्चमा बस्ने हल्ला फैलाइएको प्रति आफनो गम्भिर ध्यानाकर्षण भएको उनले बताएका छन् ।

गतपुस १० गते नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाललाई प्रधानमन्त्री पदमा नियुक्त गर्न समर्थन गरेका थिए र उनले समर्थन कायमै राखेको बताएका छन् । तर केही संचार माध्यममा अध्यक्ष साहले प्रतिपक्षी बेन्च रोजेको समाचार सम्प्रेषण भएपछि सांसद साहले उक्त समाचारको खण्डन गरेका छन् । साहले आफनो आधिकारीक फेसबुक पेज मार्फत उक्त समाचार भ्रमपूर्ण र गौरजिम्मेवार भएको टिप्पणी गरेका छन् ।

मेरो नाम जोडी संसदको प्रतिपक्षमा बस्ने भन्नी आएको संसद सचिवालय र विभिन्न संचार माध्यमको भ्रमपूर्ण, कपोकल्पित एवं गैरजिम्मेवार पूर्ण समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको बताएका हुन् ।

यसरी आफनो चरित्र हत्याको दुष्प्रयास गर्नु खेदजनक विषय रहेकोले शिघ्र सार्वजनिक रुपमा माफी माग्दै तत्काल स्टेटमेंट/समाचारमा सुधार गर्न माग गरे ।

# व्यवसायी साहलाई पक्राउ गर्न टोली भारतीय सुरक्षाकर्मी

घनश्याम बलम्पाकी

सर्लाही, २५ पुस । सर्लाहीको लालबन्दी १ नवलपुरमा आइतबार साँझ एक जना सुनचाँदी व्यवसायीलाई अपहरण शैलीमा नियन्त्रणमा लिन आएको टोली भारतीय प्रहरी भएको सुरक्षा स्रोतले जनाएको छ ।

नवलपुरस्थित मनकामना सुनचाँदी पसल संचालन गर्ने लालबन्दी नगरपालिका-१, स्थित नवलपुर नै घर भएका गुड्डु साहलाई अपरिचित समूहले अपहरण शैलीमा नियन्त्रण प्रयास भएको थियो ।



साँझ ६ बजेतिर नेपाली नम्बर प्लेटको स्कर्पियो चढेर आएका ४ जनाले साहलाई गाडीमा राखेर लैजाने प्रयास गरेका थिए । तर, तत्कालै प्रतिकार गरेर स्थानीयले अपरहरण शैलीमा साहलाई लिन आएको टोली मध्ये एक जना भारतीय प्रहरीलाई नियन्त्रणमा लिन सफल भएका थिए ।

ती प्रहरीलाई हाल जिल्ला प्रहरी कार्यालय मलंगवामा राखिएको छ । प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले माथिल्लो लेबलबाटै अनुसन्धान एवं कुराकानी भईरहेको जानकारी दिए ।

भारतको पटना स्थित एसएस ज्वेलर्समा २०७८ माघ ७ गते ३५ किलो सुन र १२ लाख भारतीय रुपैया लुटपाट भएको घटनाको अनुसन्धानका क्रममा भारतीय सुरक्षा निकायले पटक-पटक सर्लाहीका विभिन्न व्यक्तिहरु उपर नियन्त्रण लिने प्रयास गरिरहेको बुझिएको छ ।

यसअघि वैशाखमा लालबन्दी-२ पुनर्वास निवासी सुन्दर पासवान र जंगली पासवानलाई पनि भारतीय प्रहरीले गाउँबाटै नियन्त्रणमा लिएर गएर मुद्दा चलाईसकेको छ । साहलाई भने के विषयमा भारतीय प्रहरीले नियन्त्रणमा लिन खोजेको हो, त्यो भने खुल्न सकेको छैन ।

सोमबार बिहान स्थानीय व्यापारीले घटनामा संलग्नलाइ छोडेको भन्दै स्थानिय र सुनचाँदी ब्यवसायीले नवलपुरस्थित पूर्व-पश्चिम राजमार्गमा चक्काजाम गरेका छन् ।

नेपाल र भारतबीच सुपुर्दुगी सन्धी नभएकाले सम्बन्धित देशका सुरक्षाकर्मीले नै नियन्त्रणमा लिएर अर्को देशका सुरक्षाकर्मीलाई बुझाउन नमिल्ने हुँदा नेपालतर्फका सुरक्षाकर्मीले पनि पटक-पटक भारतीय भूमीबाट विभिन्न मुद्दाका आरोपीलाई नियन्त्रणमा लिएर नेपालतर्फ लिएर आउने गरेको एक सुरक्षा अधिकारीले जानकारी दिए ।

# बरिष्ठ पत्रकार राजेश्वर नेपाली गंभीर बिरामी

मधेशदृष्टि

जनकपुरधाम,पुस २५

बरिष्ठ पत्रकार तथा प्रजातंत्र सेनानी राजेश्वर नेपाली गंभीर बिरामी भएका छन ।



नेपालीको घरमै उपचार भइरहेको छ । लामो समय देखि विरामी रहेका नेपालीको अवस्था जानकारी लिन मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्र, गृह तथा संचार मन्त्री भरत प्रसाद साह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह लगायत उच्च पदस्थ व्यक्तिहरू उनको निवास मा पुगेर उनको अवस्थाको बारेमा जानकारि लिएका थिए । तत्कालिन आन्दोलनको समयमा प्रहरीले नेपालीको पिठ्यु र हड्डिमा लाठी हाने पछि यस्तो समस्या आएको बताइएको छ । राजेश्वर नेपाली हिन्दी साप्ताहिक लोकमत का संपादक हुन । उनले दुई दर्जन भन्दा बढी बढि पुस्तक प्रकाशित गरीसकेका छन । उनी हिन्दी, मैथिली र नेपाली का राम्रो लेखक, कवि पनि रहेका छन ।


## माधो एग्रो

S S Product

धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# निःशुल्क आाखा शिविर संचालन

## सकरात्मक सोंचले मात्र परिवर्तन सम्भव : नगरप्रमुख गुप्ता



डम्बर राई
सप्तरी, २५ पुस ।
सप्तरीको कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ताले समाज विकासमा कुनै जात धर्म एवं राजनीतिक लगायत पक्षपात गर्न नहुने बताएका छन् ।
सोमवार कृति सामुदायिक स्वास्थ्य केन्द्र रुपनगरद्धारा आयोजित तीनदिने निःशुल्क आँखा शिविरको उदघाटन समारोहमा यस्तो बताएका हुन् ।
विकास हुनुपर्छ भन्ने मुल्य मान्यतामा सबैको सोंच हुनुपर्छ, शिक्षा, स्वास्थ्य, कृषि एवं भौतिक क्षेत्र कुनैमा पनि विकासका लागि एकैरुपले सोच्नु आवश्यक ठान्दछु नगरप्रमुख गुप्ताले बताए ।
काम गर्ने क्रममा कहिले कहीँ सामान्य त्रुटी तथा भुलचुक हुनसक्छ यसमा सडक, बाटो, बजार वा सार्वजनिक स्थानमा अनावश्यक ढंगले बोल्नुभन्दा मलाई प्रत्यक्ष भेटेर भन्दा हुन्छ म समाज भन्दा बाहिर छुइन उनले भने हामीहरु सबै मिलेर आफ्नो नगरको विकास गर्नुछ मिलेर काम गरौं ।
शिविर संचालनमा ल्याउने थाहा पाएलगत्तै नगरपालिकाको तर्फबाट सेवाग्राहीलाई सजिलो वातावरण दिन स्वास्थ्य केन्द्रको अगाडि माटो हुरबेर र मिलाउने तथा सरसफाईका लागि दुइलाख ५० हजार रुपैयाँ खर्चेको गुप्ताले जानकारी दिए ।
पूर्व कायपालिकाको योजनानुसार यस केन्द्रको मातहातमा तिलगंगा आँखा प्रतिष्ठानको शाखा स्थापना गर्ने अधुरो कार्यलाई सन २०२३ भित्रै संचालनमा ल्याउन उनले भने प्रतिष्ठानसंग आफुले सम्झौता गरिसकेको छु ।
यस्तै नगर उपप्रमुख मुना पोखरेलले स्वास्थ्य केन्द्रले पाँच बर्षदेखि निरन्तररुपमा आँखा शिविर संचालनमा ल्याएर सयौं आँखारोगीहरुलाई सेवा प्रदान गराएकोमा केन्द्रलाई धन्यवाद दिइन् । मुनाफा भन्दा सामाजिक सेवाका लागि तिलगंगा आँखा प्रतिष्ठानका डाक्टरहरुको सहयोगमा निःशुल्क आँखा उपचार गराउन लागि परेका केन्द्रलाई नगरपालिकाले सहयोग गरिने बताइन् ।
उनले आँखा शैल्यक्रिया गरेका विरामीहरुलाई नीजि खर्चमा जाउलो र चटनी ख्वाउने मञ्चबाटै आयोजक समितिलाई जानकारी गराइन् ।
आयोजितसमारोहमाकञ्चनरुपका निःवर्तमान नगरप्रमुख बसन्त कुमार मिश्रले शिविर संचालनमा आफ्नो गरिमामय योगदान रहेको दावी गरे । आफु नगरप्रमुख भए देखि नै निरन्तररुपमा यस केन्द्रले शिविर संचालन गर्दै आएको हो । २०७४ सालदेखि २०७६ सालसम्म निरन्तर शिविर भयो ०७७ सालमा कोभिड १९ का कारण हुन सकेन ०७८ देखि पूनः शिविर जारी छ उनले भने शिविर संचालन गर्न आफ्नो कार्यकालमा योगदान दिइएको छु ।
आँखाको ज्योति गुमेका बृद्ध, बृद्धाहरुले समेतले आँखा देख्न सक्ने यस अविस्मरणिय कार्य पनि एक प्रकारको विकास नै भन्न मिल्ने बताउदै भावी दिनमा तिलगंगा काठमाण्डौबाट शिविरका लागि डाक्टरहरु झिकाउनु पर्ने समस्यालाई अन्त्य गर्न यहि सो अस्पतालका शाखा निर्माण गर्ने मिश्रले जोडदिए ।
एशियन आमा नेपालकी अध्यक्ष कुन्नम पोखरेलले यो संस्था निर्माण गर्न आफ्नो भूमिका सकिएर अब स्थानिय समुदायको काँधमा आएको बताइन् । २०५९ सालमा स्थापना भएको यस केन्द्रले दोस्रो सताब्दी पार गर्दै गरेको घडिसम्म सफलता हासिल गरेको एशियन आमा नेपालको आँकडा रहेको जानकारी दिइन् ।
पूर्व डिआइजी डा.प्रेम लाल श्रेष्ठले यस क्षेत्रको विकासमा आफुले भ्याएजति योगदान दिने विश्वास दिलाए । उनले आगामी दिनमा मुटु रोगी हरुका लागि पनि यस्तै निःशुल्क शिविर संचालन गरी उपचार गरिने जानकारी गराएका छन् ।
यस क्षेत्रको अवस्था हेर्दा यहाँ सेवाले स्थायित्व खोजेको बुझिएको छ, त्यसैले स्थायित्वका लागि तपाइहरु जुटनुस् म सहयोग पुर्‍याउछु शिविरमा सहभागि डाक्टर तथा कर्मचारी समूहका कोअर्डिनेटर नामखेन लामाले उदघोष गरे ।
उनले यहि सन् २०२३ बाटै यस केन्द्रको मातहातमा आँखा अस्पतालले शाखाको रुपमा काठमाडौबाट दिदै आएको सेवा पुर्‍याउने बताए । समारोहमा संस्थापक डा.रोहित कुमार पोखरेल, तिलगंगा आँखा अस्पताल प्रतिष्ठान काठमाडौका डाक्टरहरु, समाजसेवी, बुद्धिजिवि, स्थानिय स्वास्थ्यकर्मी एवं डाक्टरहरुको सहभगिता रहेको थियो ।
२०७४ मा एकहजार चारसय ९४ जना आँखा सेवा संख्या रहेका मध्ये चासय ९४ जनाको आँखा शैल्यक्रिया भएको थियो भने ६ जनाको टेरिजियम सेवा प्रदान गरिएको थियो ।
२०७५ मा तीनहजार एकसय २४ जना सेवा संख्या मध्ये हजार १८ जनाको शैल्याक्रिया, ११ जनाको टेरिजियम र एकसय ८५जनाको छालाको सेवा गरिएको थियो । यस्तै ०७६ मा दुईहजार आठसय ७१ जना सेवाग्राही थिए जसमा ६ सयको शैल्याक्रिया र सातजनाको टेरिजियम गरिएको थियो । ०७८ मा एकहजार चारसय ८१ जनाको सेवा मध्ये पाँचसय २५ जनाको शैल्याक्रिया र ६ जनाको टेरिजियम सेवा प्रदान गराइएको छ । यस बर्ष सातसय जनाको शैल्यक्रिया र १० जनाको टेरिजियम सेवा दिइने आयोजक समितिले जानकारी दिइएका छन् ।

# सिमरा-काठमाडौ हवाई उडानमा भाडा घटयो




शारदा पोखरेल
बारा, २५ पुस । सरकारले हवाई ईन्धनको मुल्यमा प्रतिलिटर २० रुपैया घटाएसंगै सिमरा- काठमाडौ हवाई भाडा २ सय रुपैयाले घटेको छ ।
सो घटेको भाडादर भने बुधवारदेखि मात्रै लागु हुने एयरलाईनस कम्पनिहरुले जनाएका छन् । हवाई यात्रामा सबैभन्दा छोटो दुरीको सिमरा-काठमाडौ हवाई उडानमा २ सय रुपयाँले भाडा घटेको छ ।
प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'को निर्देशनमा आईतवार मध्यरात देखि लागु हुनेगरी डिजल, मट्टितेल,पेट्रोल र हवाई ईन्धनको भाडा घटेको छ । यसअघि प्रतिलिटर १९० रुपैया रहेको हवाई इन्धनको मूल्य १७० रुपैया कायम भएको छ ।
घटेको भाडादर अनुसार अव सिमराबाट काठमाडौको लागि यात्रुहरुले ३ हजार ९ सय भाडा तिनुपर्नेछ यसअघि सोही दुरीको यात्राको लागि ४ हजार १ सय भाडा तिर्दै आएका थिए । यति एयरलाईन्सका कर्मचारी सुभाष सापकोटा भने घटेको भाडादर बुधवार (जनवरी ११ तारिफ) देखि मात्रै लागु हुने बताएका छन् । 'आन्तरिक ब्यवस्थापन मिलाउनु पर्ने भएकाले घटेको भाडादर आइतवारदेखि लागु गर्न सकिदैन, बुधबार देखि मात्रै लागु हुन्छ' सुवेदीले भने ।
सिमरा-काठमाडौ देशभरकै हवाई उडानमा सबैभन्दा छोटो समय १५ देखि १७ मिनेन लाग्दछ । सामान्य अवस्थामा सिमराबाट दैनिक बुद्ध यति, गुण र श्री एयरलाइन्स कम्पनीका एकदर्जन बढी उडान हुने गर्दछ । तर पछिल्लो एक सातादेखि मौसममा देखिएको खराबीका कारण नियमित उडान भने हुन सकेको छैन् । त्रिभुवन विमानस्थल पछिको पुरानो आन्तरिक विमानस्थलको रुपमा रहेको सिमरा विमानस्थलमा बारा,पर्सा, रौतहट,मकवानपुरबाट र भारतिय यात्रुहरुको बिशेष भिड लाग्ने गर्दछ ।
सिमरा विमानस्थलका प्रमुख सुर्य खत्रीले भने हवाई ईन्धनको मुल्य घटेपनि सिमरा काठमाडौ हवाई भाडादरमा कति प्रतिशतले घटयो भन्ने विषयमा एयरलाइन्स कम्पनीहरुबाट जानकारी नआएको बताएका छन् ।

# लागू औषध सहित दुई युवक पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, २५ पुस । सशस्त्र प्रहरी धनुषाले लागू औषधसहित दुई जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा धनुषाको सबैला नगरपालिका वडा नम्बर-४ मखना बस्ने ३४ वर्षीय खालिल राईन र गणेशमान चारनाथ नगरपालिका-४ बिरेन्द्रबजार बस्ने २७ वर्षीय गुड्डु आलम रहेको जनाइएको छ ।
आइतबार साँझ विदेह नगरपालिका-१ महिनाथपुरस्थित महिनाथपुर नाकामा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट महिनाथपुरबाट सशस्त्र प्रहरी निरीक्षक गणेश दत्त पाण्डेयको कमाण्डमा खटेको टोलि र प्रहरी चौकी ठाडीबाट नेपाल प्रहरी सहितको संयुक्त टोलिले भारतबाट नेपालतर्फ आउँदै गरेको दुबै जनालाई चेकजाँचको क्रममा पक्राउ गरेको थियो ।
प्रदेश-२-०२-००४प ६३१५ नम्बरको मोटरसाइकलमाथि शंका लागि चेकजाँच गर्दा खालिलले लगाएको हाफ ज्याकेट भित्र कालो प्लाष्टिकको झोलामा लुकाई राखेको अवस्थामा डाईजेपाम ईन्जेक्सन ७५ वटा (प्रति ईन्जेक्सन २ एम.एल.), फेनारगन ईन्जेक्सन ७० वटा (प्रति ईन्जेक्सन २ एम.एल.) र आई पि पि एल ईन्जेक्सन ७५ वटा (प्रति ईन्जेक्सन २ एम.एल.) बरामद भएको सशस्त्र प्रहरी ८ नम्बर गण हेडक्वाटर धनुषाले जनाएको छ ।
पक्राउ परेका दुबैजनालाई कानुन बमोजिम कारवाहीका लागि ईलाका प्रहरी कार्यालय खजुरीको जिम्मा लगाइएको छ ।

# गउवा संघको साधारणसभा बोलाउन माग

आरके श्रीवास्तव
गरुडा, २५ पुस । गरुडा नगर उधोग वाणिज्य संघको साधारणसभा बोलाउन माग गरिएको छ । वर्तमान अध्यक्ष हरेन्द्र जयसवालको कार्यकाल समाप्त भएको १ वर्ष भन्दा बढी बित्दा पनि साधारण सभा नबोलाइए पछि व्यापारीहरुले यस्तो माग उठाउनन थालेका छन् ।
सोमबार गरुडामा पत्रकारहरु सँग कुरागर्दै व्यापारीहरुले साधारणसभाको मिति तोकन आग्रह गरे ।
विधान अनुसार कार्यकाल समाप्त भइसकेपछि नयाँ कार्यसमिति चयनका लागि चुनाव गराउने प्रावधान रहेको छ । तर अहिले सम्म कुनै घोषणा नगरिएको प्रति आफूहरुको ध्यानाकर्षण भएको व्यवसायीहरु बताए ।
समयमै नयाँ नेतृत्व चयन भयो भने व्यापारीहरुको हकहितको लागि राम्रो हुने बताउनु भयो ।
बारम्बार यस विषयमा भन्दा पनि कुनै ठोस जवाफ आफूहरुले नपाएको गुणासो गरे । अध्यक्षले कानमा तेल हालेर सुतेको आरोप व्यापारीहरूले लगाए । यस विषयमा गरुडा नगर उधोग वाणिज्य संघका अध्याक्ष हरेन्द्र जयसवाल सँग सोध्दा होली पछि साधारण सभा बोलाइने र नयाँ कार्यसमिति चयनका लागि प्रक्रिया अगाडी बढाइने बताए ।

# चोरीमा संलग्न तीन पक्राउ

विनय कर्ण ।
सप्तरी, २५ पुस । सप्तरी प्रहरीले चोरीमा संलग्न तीन जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका वडा नम्बर १ डुमरी शिवथान टोल बस्ने ३० बर्षीय मनोज साह सोही ठाउँ बस्ने २८ बर्षीय सन्तोष भन्ने श्रीराम यादव र २५ बर्षीय दिपेन यादव रहेका छन् । पक्राउ परेकाहरुको साथबाट साईकल १ थान, बोरिगंको टि सकेट ३ थान, कल २ थान, तार सहितको कृषि मिटर १ थान र पानी तान्ने प्लाष्टिकको पाईप १ थान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिएका छन् ।
पक्राउ परेका तीनै जनालाई चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
प्रहरी प्रवक्ता सिंहका अनुसार उनीहरुले गएको २० पुसमा राजविराज नगरपालीका वडा नम्बर १ डुमरी शिवथान बस्ने राज कुमार साह, ऐ.ऐ.बस्ने राम कुमार यादव, ऐ.ऐ.बस्ने परशुराम यादव, सोही ठाउँका राज कुमार शर्मा, दुःखीलाल यादव र महेश प्रसाद साहको खेतमा रहेको कृषि मिटर, बोरिङको सकेट, पाईप, कल तथा राज कुमार साहको घरबाट साईकल समेत चोरी गरेका थिए ।

# दुई मोटरसाइकल चोर पक्राउ


मधेशदृष्टि
सप्तरी, २५ पुस । जिल्ला प्रहरी कार्यालय सप्तरीले मोटरसाईकल चोरी गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर १ महदेवा २० बर्षीय दुर्गेश सरदार र राजविराज नगरपालिका वडा नम्बर १० बस्ने ४० बर्षीय शम्भु यादव रहेका छन् ।
उनीहरु दुवैजना मोटरसाईकलमा सवार भई आईरहेको अवस्थामा चोरी भएको मोटरसाईकल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
चोरीमा संलग्न यादव र सरदारलाई पक्राउ गरी चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्यादथप गराई अनुसन्धान भईरहेको प्रहरी प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।
गएको २३ पुष साँझ ५ बजेको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ७ स्थित बेल्ही कुनौली भंसार कार्यालयको अगाडी सोही गाउँपालिका वडा नम्बर १ बस्ने मो..हरुनले आफ्नो प्र २-०१-००३ प. ०१२६ नम्बरको मोटरसाईकल पार्किङ्ग गरी रखेको अवस्थामा चोरी गरी लगेका थिए ।

# सप्तरीबाट दुई हुण्डी कारोबारी पक्राउ

विनय कर्ण
सप्तरी, २५ पुस । नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्युरो (सिआईवि) ले सप्तरीको बोदे बरसाईनबाट बाट श्रोत नखुले रकम सहित दुई जना हुण्डी कारोबारीलाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरुमा बोदे बरसाईन नगरपालिका बोदेबर्साईन वडा नम्बर ९ देउरी बस्ने ३२ बर्षीय रामबिलास साह तेली र सोही नगरपालिका वडा नम्बर ७ बस्ने ५० बर्षीय मायानन्द झा रहेका छन् ।पक्राउ परेका उनीहरुको साथबाट ५२ लाख ८९ हजार ५ सय नेपाली रुपैया, मोवाईल सेट थान-२ र हिसाब लेखिएको कापी थान ५ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।
कोठामा रहेको खाटमाथि कपडाले छोपेर राखिएको नेपाली रुपैया २८ लाख ८९ हजार र सोही कोठामा बसिरहेका साहको साथबाट १५ लाख नेपाली रुपैया र झाको साथबाट ९ लाख समेत गरी जम्मा ५२ लाख ८९ हजार ५ सय नेपाली रुपैया नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । सप्तरी प्रहरीका अनुसार बोदेबरसाईन ५ स्थित बरसाईन बजारमा कौशल किशोर यादवको घरमा कोठा भाडा लिई बस्ने मानिसहरुले नेपाली रुपैयाको अवैध (हुण्डी ) कारोबार गरिरहेको भन्ने व्यहोराको प्राप्त गोप्य सूचनाको आधारमा नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्युरो काठमाण्डौ र इलाका प्रहरी कार्यालय कडरबोना सप्तरीबाट संयुक्त रुपमा खटीएको प्रहरी टोलीले उनीहरुलाई श्रोत नखुलेको रकम सहित पक्राउ गरेको हो ।
पक्राउ परेका दुवै जनालाई आवश्यक कारवाहीको लागी राजश्व अनुसन्धान कार्यालय ईटहरीसुनसरी पठाइएको प्रहरीले जनाएको छ ।

# शम्भुनाथ नपाका वडा सदस्यको निधन

मधेशदृष्टि
सप्तरी, २५ पुस । शम्भुनाथ नगरपालिका वडा नम्बर १० का वडा सदस्य राजेश्वर सरदारको सोमबार निधन भएको छ । ६५ बर्षीय उनी क्यान्सर रोगबाट पीडित थिए ।
उनको निधनमा शोक मनाउन नगरपालिकाले एक दिन विदा दिएको छ । लामो समय देखि क्यान्स रोगबाट पीडित सरदारको मृत्यूमा शोक मनाउन एक दिनको विदा दिएको नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ताले जानकारी दिएका छन् ।
"मंगलबार एक दिन यस नगरपालिकाको कार्यालय, मातहतका सबै वडा कार्यालयहरु, सामुदायिक विद्यालय र स्वावस्थ्य संस्था (अति आवश्यक सेवा बाहेक) बन्द रहने सम्बन्धित सबैमा जानकारी गराईन्छ" नगरपालिकाले जारी गरेको पत्रमा उल्लेख छ ।



## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, धनुषा

सम्पादकीय

## ट्राफिक : बन्द गर असुली धन्दा

नेपाल ट्राफिक प्रहरीको प्रमुख काम भनेको सडकमा गुडने सवारी साधनको व्यवस्थापन गर्नु हो। खास गरेर ट्राफिक प्रहरीको कार्यक्षेत्र सवारीको अधिक चाप हुने सडक, सहर बजार र राजमार्गहरुमा हुन्छ। सडकमा सवारी साधनको जाम नहोस, साधनहरु सहज रुपले गुड्न सकुन, सवारी चालकहरु लाइसेन्सधारीमात्र हुन्, कुनै किसिमको दुर्घटना नहोस, चालकहरुले जथाभावी सवारी नचलाउन भन्नेमा ट्राफिकको ध्यान हुनुपर्ने हो। पदीय जिम्मेवारीका हिसावले ट्राफिकका प्रमुख काम यिनै हुन्।

तर, आर्थिक नगरी वीरगंज आसपासमा खट्ने ट्राफिकको प्रमुख ध्यान पैसा असुलीमा हुने गरेको पाइएको छ। कानूनी अधिकार छोडेर असुलीमा केन्द्रीत हुँदा एकारित कानून विपरितका काम भएका छन् भने अर्कोतर्फ सरकारी राजस्वमा क्षती भएको छ।

वीरगंज मुलुकको आर्थिक नाका हो। रक्सौला नाकाबाट दैनिक ठूलो संख्याका मालवाहक गाडीहरु नेपाल भित्रन्छन्। दैनिक ५, ६ सय मालवाहक गाडीहरु मध्ये कतिपयले अधिक लोड बोकेका हुन्छन्।नेपालको कानूनले तोकेको भन्दा धेरै वजन बोक्ने गाडीहरुलाई यातायात कार्यलयले कारवाही गर्ने व्यवस्था छ। ट्राफिकले त्यस्ता गाडीलाई यातायात कार्यालय पठाउने र यातायातलेनै जरिवाना गर्दछ।

जरिवाना राज्यकोषमा जम्मा हुन्छ। तर, त्यस्ता गाडीबाट आफै मनमौजी पैसा असुल्ने प्रवृती देखिएको छ ट्राफिकमा। त्यो बाहेक प्रत्येक मालवाहक गाडीबाट इन्ट्रीका नाममा पैसा असुलिने गरेको भुक्तभोगी चालकहरु बताउँछन्। जबकी, ट्राफिकले त्यस्तो कुनै शुल्क असुल्न पाउने कानूनमा छैन। चालकहरुका अनुसार इन्ट्रीको नाममा एकसय दुईसय असुलिन्छ भने ओभरलोडको नाममा थप पाँच सय ट्राफिकले आफ्नो खल्तीमा हाल्दछन, न बिल न कुनै भर्पाई, मनपरीतन्त्र।

ओभर लोडको जरिवाना दर निकै धेरै र झण्झटिलो हुने गरेकोले पनि ट्राफिकलाई असुल्ने अवसर बनेको जानकारहरु बताउँछन्।गाडीबालाहरु सरकारी झण्झटमा फस्नु भन्दा जसोतसो पैसा दिएर फुत्कनुनै सहज मान्ने भएकोले ट्राफिकलाई असुल्ने अवसर बनेको देखिन्छ।

फिल्डमा खट्ने ट्राफिकले असुलेको पैसा जिल्ला, प्रदेश हुँदै केन्द्रीय तहसम्म पुग्ने परिपाटी बनेको जानकारहरु बताउँछन्। पैसा असुल्ने उदेश्यले एक किसिमको ठेकेदारीनै लागेको छ। जानकारहरुका अनुसार पर्साको ड्राईपोर्ट चोकमा खटिएका ट्राफिकलाई दैनिक ९ हजार, परवानीपुर चोकमा खटेकोलाई ६ हजार, गण्डकमा खटेकालाई ५ हजार, पावरहाउमा खटेकालाई ३ हजार र बहुअर्वा भट्टामा खटेका ट्राफिक प्रहरीलाई एक हजारको ठेक्का दिइएको छ।

पर्सा, ट्राफिक प्रहरी कार्यालयमा करिव ६५ जना कार्यरत छन्। ती मध्ये ड्राईपोर्ट चोकमा असईको कमाण्डमा ६ जना, परवानीपुरमा सईको कमाण्डमा ४ जना, गण्डकमा वरिष्ठ हवल्दारको कमाण्डमा ३ जना, पावर हाउस चोक र बहुअर्वामा १/१ जना ट्राफिक हवल्दार खटाइन्छ। चोकचोकमा असुलीका लागि खटाइएका बाहेक अन्यलाई बजारमा खटाइने गरिन्छ। असुलेर नबुझाउनेहरु कारवाही स्वरुप बजारका डयुटीमा पर्ने गरेको ट्राफिकहरुनै बताउँछन्।

वीरगंज मुलुककै प्रमुख सीमानाका भएकाले यहाँ खटिने सरकारी कर्मचारी, प्रहरीहरुमा जसरी पनि धेरैभन्दा धेरै कमाउने ध्येय रहेको पाइन्छ। सशस्त्र प्रहरी, नेपाल प्रहरी तस्करी गराएर कमाउने, भंसार कर्मचारी राजस्व मारेर कमाउने, ट्राफिक प्रहरी गाडीहरुबाट असुल्ने प्रवृति फस्टाएको छ। के देखिन्छ भने जसले जहाँ पायो, त्यँही खाने प्रवृति प्रोत्साहित भएको छ मुलुकमा।

भष्ट्रचार र पदीय दुरुपयोग मुलुकको प्रमुख समस्या हो। यस्ता समस्याको समाधान अरुले गरिदिने होइन, राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व मुलुकप्रति जिम्मेवार र जवाफदेही हुने हो भने यस्ता समस्या आपसेआप न्यून भएर जान्छन्। भनिन्छ 'मुहान सफा भयो भने चुहान आफै सफा हुन्छ।'

ट्राफिक प्रहरीको हकमा केन्द्रले नजरना नलिने, प्रदेशका हाकिमहरु अवैध कमाईबाट टाढा बस्ने हो र जिल्ला नेतृत्व असुलीमा मग्न नहुने हो भने सडकमा खटिने ट्राफिकले अवैध काम गर्नसक्तैनन्। जिल्ला नेतृत्व पदिय मर्यादामा बस्ने बित्तिकै अवैध काम हुने अवस्था रहदैंन। राज्यकोषबाट तलव भक्ता र अवकाश पछि पेन्सन थाप्नेहरु मुलक प्रति जिम्मेवार बनौं।

# सिभिक स्पेसप्रतिको धारणा

*गैरसरकारी सङ्घ/संस्थामा आबद्ध र नागरिक आन्दोलनका मोर्चामा देखिने प्रायः व्यक्तिहरू राजनीतिकरूपमा पनि सक्रिय छन्। परिणामस्वरूप, एउटा दल सरकारमा हुँदा सिभिक स्पेस, गैसस र नागरिक समाजको सक्रियता र भूमिका एक किसिमको देखिन्छ भने अर्को दल सरकारमा हुँदा अर्कै किसिमको देखिन पुग्छ*

- तिलक पाठक, लेखनाथ पाण्डे

सिद्धान्ततः सिभिक स्पेसले नागरिक र राज्यका बीचमा पुलको भूमिका

खेल्छ। जीवन्त लोकतन्त्रमा नागरिक समाज समूहले कानुन, विचार र

अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्छ। नागरिक समाजको जिम्मेवारीमध्ये एउटा महत्त्वपूर्ण भूमिका राज्यका काम/कारबाहीमाथि चासो र खबरदारी गर्नु हो। यसमा अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको अधिकार, शान्तिपूर्ण सभा सम्मेलनको अधिकार, सङ्गठित हुने अधिकारका साथै सुशासनको पक्षमा पैरवी आदि पर्छन्। नेपालको परिवेशमा सिभिक स्पेस, नागरिक सक्रियता र साझेदारी सम्बन्धमा लामो परम्परा पाइन्छ। तर सिभिक स्पेस, त्यसका सहभागी र गतिविधिबारे साझा र समान धारणा भने छैन।

सिभिक स्पेसको आधुनिक स्वरूप र बुझाइचाहिँ मूलतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ/संस्थालगायत नागरिक संस्थाहरूको भूमिका र गतिविधिसँग निकै हदसम्म जोडेर हेर्ने गरिएको पाइन्छ। राणा शासनको अन्त्यसँगै सिभिक स्पेस र नागरिक सङ्घ/संस्थाको प्रादुर्भाव भए पनि यसको विकास र विस्तार भने २०४६ मा प्रजातन्त्र पुनर्स्थापनापछि खुला र प्रजातान्त्रिक परिवेशमा भयो।

निर्दलीय पञ्चायतकालमा खुला राजनीतिक वातावरण थिएन। राजनीतिक सङ्घ सङ्गठनहरू प्रतिबन्धित थिए भने सङ्घ/संस्था खोल्न सहज थिएन। विचार, अभिव्यक्ति, प्रकाशन आदि स्वतन्त्रता थिएन जसले गर्दा सिभिक स्पेस निकै सङ्कुचित थियो, सङ्घ/संस् था पनि निकै सीमित सङ्ख्यामा थिए।

२०४७ सालमा नयाँ संविधान जारी भएपछि राजनीतिक परिवर्तनलाई आत्मसात गर्दै विचार , अभिव्यक्ति, प्रकाशन, सङ्गठन, शान्तिपूर्ण विरोधका साथै कानुनी शासन तथा अधिकारका लागि वातावरण बन्यो। साथै नेपाल आइसिसिपीआरसहित कतिपय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिनियम, सन्धि, सम्झौताहरूको पक्ष राष्ट्र बन्न पुग्यो। ती नीतिगत व्यवस्था तथा कानुनी प्रबन्धसँगको आबद्धताले नेपालमा सिभिक स्पेससम्बन्धी नीति निर्माण, विकास र बिस्तार का लागि बलियो आधार दिएको छ।

सिभिक स्पेससम्बन्धी अवधारणा, उद्देश्य, भूमिका तथा यसमा संलग्न व्यक्तिहरूका विषयमा भने मतैक्य छैन, फरक-फरक दृष्टिकोण र बुझाइ छ। एउटा दृष्टिकोण के र हुँदै आएको छ भने सिभिक स्पेस र विशेषगरी नागरिक समाजका रूपमा लिइने गैर सरकारी सङ्घ/संस्थाले नेपालको प्रजातान्त्रिकीकरण र सामाजिक विकासमा उल्लेखनीय योगदान पुर्‍याएका छन्। तिनले सामुदायिक विकास, मानव अधिकारको प्रतिरक्षा, सार्वजनिक सेवा प्रवाह र बृहत्तर अर्थसामाजिक रूपान्तरणका लागि एउटा वैकल्पिक विकास मोडेलका रूपमा कार्य गरेका छन्। अर्को धारणा के पाइन्छ भने गैर सरकारी संस्था र तिनका भूमिकालाई नै सिभिक स्पेस ठान्ने र नागरिक समाजका रूपमा बुझ्ने चलन छ। यस्तो अवधारणाले गैर सरकारी सङ्घ/संस्थाहरूले जे/जस्ता कार्य गर्दै आएका छन्, त्यसको गाली र ताली पनि सिभिक स्पेस र विशेषगरी नागरिक अभियन्ताहरूले पाउँदै आएका छन्।

नेपालको प्रजातान्त्रिक मूल्य/मान्यता, अभ्यास र प्रेस, अभिव्यक्ति तथा वैचारिक स्वतन्त्रता जस्ता पक्षहरूमा अनुगमन गर्दै आएका अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूको बुझाइ र दृष्टिकोण पनि नेपालमा सिभिक स्पेस र नागरिक अभियानका हकमा एकसमान देखिन्न। कुनै संस् थाले एक समयमा सर्वेक्षण वा अनुगमन गर्दा गैर सरकारी संस्था, तिनका गतिविधि र त्यसप्रति प्रशासनको नीति नियम र व्यवहारलाई आधार मानेर सिभिक स्पेसको अवस्थाका रूपमा चित्रण गर्नेगरिएको पाइन्छ। कुनै समयमा भने त्यसलाई सिभिक स्पेसका रूपमा नहेरी गैर सरकारी सङ्घ/संस्था वा विकास साझेदार का रूपमा चित्रण गर्ने गरिएको हुन्छ।

अर्को दृष्टिकोण अलि फराकिलो छ। यसअनुसार नागरिक अधिकारका लागि

अभियान चलाउने र त्यसका लागि वकालत गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

गैर सरकारी सङ्घ/संस्था, मिडिया, पेसाकर्मी र समग्र सार्वजनिक वृत्तमा हुने छलफल र बहसलाई नै सिभिक स्पेसका रूपमा बुझ्ने गरिएको छ। सिभिक स्पेसमा नागरिक समाज र नागरिक संस्थाको भूमिका महत्त्वपूर्ण मानिन्छ। नागरिक समाज भन्नाले नाफा आर्जन गर्ने र शासन सत्ता सञ्चालन गर्ने लक्ष्य नभएको राज्य संरचना बाहिर का क्षेत्रलाई बुझिन्छ। नेपालमा सरकार को औपचारिक संरचनाभित्र नरहेको नागरिक समूह, सङ्घ/संस्था, महासङ्घ र सङ्गठनहरूलाई नागरिक समाजका रूपमा बुझ्ने गरिएको छ। त्यस्तै , गैर सरकारी संस्था, समुदायमा आधारित सङ्घ/संस्था, आदिवासी जनजाति सङ्गठन, प्राज्ञिक समुदाय, पत्रकार सङ्गठन, आस्थामा आधारित सङ्गठन, ट्रेड युनियन, श्रमिक सङ्गठन नागरिक समाजभित्रका औपचारिक तथा अनौपचारिक सङ्घ/संस्थालाई पनि सिभिक स्पेस र नागरिक संस्थाका रूपमा हेर्ने गरिएको छ।

“गैरसरकारी सङ्घ/संस्थामा आबद्ध र नागरिक आन्दोलनका मोर्चामा देखिने प्रायः व्यक्तिहरू राजनीतिकरूपमा पनि सक्रिय छन्। परिणामस्वरूप, एउटा दल सरकारमा हुँदा सिभिक स्पेस, गैसस र नागरिक समाजको सक्रियता र भूमिका एक किसिमको देखिन्छ भने अर्को दल सरकारमा हुँदा अर्कै किसिमको देखिन पुग्छ।

कतिपयले नेपालमा विकास साझेदार का रूपमा सक्रिय गैर सरकारी संस्थाहरू, तिनले गर्दै आएका अधिकारमा आधारित पैरवी र सामाजिक रूपान्तरणका कार्यहरूलाई नै सिभिक स्पेस र नागरिक सक्रियता अभियान, आन्दोलन इत्यादि हो भन्ने गरेका छन्। तर खासमा सिभिक स्पेस यही हो र यो चाहिँ होइन, तिनको भूमिका यतिसम्म हुन्छ, अनि राजनीतिक वा अन्य आबद्धता स्वीकार्य मानिन्छ वा गलत ठानिन्छ भन्नेमा कुनै नीतिगत वा व्यवहारतः स्पष्टता छैन। र यस्तै बुझाइमा पनि मतैक्य छैन। तसर्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, पेसागत सङ्घ सङ्गठन, ट्रेड युनियन, मिडिया जगत्, राजनीतिक दलका भातृ सङ्गठन र तिनका

गतिविधि समेतलाई एउटै बास्केटमा राखी समग्रमा सिभिक स्पे स र नागरिक समाजका रूपमा चित्रण गर्ने र बुझ्ने चलन छ। यसले ती संस्थाका सकारात्मक पक्षको साथै नकारात्मक र सिभिक स्पेसका दृष्टिले विरोधाभाषपूर्ण कार्यको दोष पनि यस क्षेत्रसँग जोडिएका व्यक्ति, समूह र सङ्घ/संस्थाले खेप्दै आएका छन्।

सिभिक स्पेसप्रतिको जनविश्वास : सिभिक स्पेसप्रतिको जनविश्वास

सिद्धान्ततः सिभिक स्पेस र नागरिक समाजका प्रतिनिधिहरू राजनीतिकरूपमा निरपेक्ष वा तटस्थ रहने भए पनि नेपालको सन्दर्भमा यो मान्यता पूर्णरूपमा लागु हुँदैन।

गैरसरकारी सङ्घ/संस्थामा आबद्ध र नागरिक आन्दोलनका मोर्चामा देखिने प्रायः व्यक्तिहरू राजनीतिकरूपमा पनि सक्रिय छन्। परिणामस्वरूप, एउटा दल सरकारमा हुँदा सिभिक स्पेस, गैसस र नागरिक समाजको सक्रियता र भूमिका एक किसिमको देखिन्छ भने अर्को दल सरकारमा हुँदा अर्कै किसिमको देखिन पुग्छ।

दलीय पक्षधरताका कारण सिभिक स्पेस आलोचनामुक्त छै न। सिभिक स्पेस र नागरिक समाजको भूमिकामाथि बेलाबेलामा दलीय पक्षधरताको धब्बा लाग्ने गरेको छ। प्रजातान्त्रिक आन्दोलनमा सिभिक स्पेस र मूलतः नागरि क समाजको सहभागिता थियो। २०४६ को जनआन्दोलनमा अहिले हामी जे लाई नागरिक समाज भनेर बुझ्छौँ, त्यसको एउटा हिस्साको संलग्नता थियो। सो ही संलग्नतालाई कदर गर्दै जनआन्दोलनपछि बने को अन्तरिम सरकारको मन्त्रिमण्डलमा २ सदस्य (देवेन्द्रराज पाण्डे र मथुराप्रसाद श्रेष्ठ) लाई मनोनयन गरिएको थियो। त्यसबखत

पाण्डे र श्रेष्ठलाई 'स्वतन्त्र' भनिए तापनि मानव अधिकार सङ्गठन/व्यावसायिक सङ्गठनमार्फत जनआन्दोलनमा उनीहरूले निर्वाह गरेको भूमिकालाई कदर गर्दै मन्त्रिपरिषद्मा स्थान दिइएको थियो। २०६२/६३ को

- बाँकी पृष्ठ ६ मा

# न्याय, सुशासन र समृद्धि : प्रधानमन्त्री प्रचण्डको सपना

*भ्रष्टाचार निवारण एउटा मात्र निकायले गर्न सक्दैन। यो समग्र सामाजिक चेतना र संस्कृतिको प्रश्न पनि हो। आम जनताको चेतना र पहलसँग पनि यसको सम्बन्ध रहन्छ। त्यसैले भ्रष्टाचार निवारणमा राज्यको जिम्मेवारी प्रमुखरूपमा रहन्छ।*

- कृष्ण अधिकारी

प्रत्येक नयाँ सरकारसँग जनताको अपेक्षा तथा आकाक्षा बढी नै हुन्छ। आमनिर्वाचनको जनादेशसँगै गठन भएको सात दलीय गठबन्धनको नयाँ सरकारसँग सर्वसाधारणको आकाक्षा हुनु स्वाभाविक हो। सुशासनको प्रत्याभूति हुन नसक्दा सामान्य सरकारी काममा समेत सर्वसाधारणले सास्ती खेप्दै आउनुपर्दा जनता आजित बनेका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकार गठन भएलगत्तै जनतामा सामाजिक न्याय, सुशासन र समृद्धिको आशा र अपेक्षा पलाएको छ। निश्चय नै यसपटक जनताले निर्वाचनबाट चुनेर पठाएका जनप्रतिनिधिमध्येबाट गठन भएको वर्तमान सरकारप्रति आशाको नजरले हेरिरहेका छन्। जनतामा अब केही परिवर्तन हुन्छ, सुशासन र समृद्धि हासिल हुन्छ भन्ने आशाको सञ्चार भएको छ। जनताको त्यो अभिमतलाई आत्मसात गर्दै आत्मविश्वास र प्रतिबद्धतासहित सरकारले काम गर्नुपर्छ। प्रधानमन्त्रीले पदभार ग्रहण गरेलगत्तै भ्रष्टाचार नियन्त्रणलाई आफ्नो पहिलो प्राथमिकता रहेको बताउनुभएको छ। प्रधानमन्त्री प्रचण्डले आफ्नो तेस्रो कार्यकाल सामाजिक न्याय, सुशासन र समृद्धिमा केन्द्रित हुने बताउँदै आउनुभएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु तथा नेपाल सरकारका सचिवसँगको छलफलमा पनि उहाँले सामाजिक न्याय, सुशासन र समृद्धि नै सरकारको प्रमुख प्राथमिकतामा रहेको उल्लेख गर्नुभएको थियो। ठूला नीतिगत र दीर्घकालीन विषयभन्दा पनि नागरिकका दैनिक आवश्यकता, सार्वजनिक सेवा प्रवाहका विषय, विकास निर्माण र आयोजना सञ्चालनका विषयमा प्रधानमन्त्रीको जोड रहेको छ। नेपालमा भ्रष्टाचार अनियन्त्रितरूपमा बढ्दै गएको छ। नेपालमा भ्रष्टाचारको विभिन्न स्वरूप रहेको छ। यसले गर्दा सेवा प्रवाहको स्थितिमा असन्तोष बढाएको छ। साथै, सुशासन, सार्वजनिक सेवा प्रवाह र देश विकास प्रक्रियामा नकारात्मक असर पर्दै गएको छ। नेपालमा सार्वजनिक सेवा प्रवाहमा सुशासन तथा सदाचार कायम गर्न र भ्रष्टाचार निवारण गर्न विभिन्न जिम्मेवार निकाय रहेका छन्। ती निकायबीच समन्वय हुन नसक्दा भ्रष्टाचारको जालो सबै तहमा फैलिन पुगेको छ। सुशासनका लागि समावेशी, पारदर्शिता, इमान्दारिता र पक्ष विपक्षका मतान्तरमा कमी, सङ्घीय, प्रदेश तथा स्थानीय सरकारका बारेमा जानकारीमा अभिवृद्धि, सरकारका संयन्त्रको क्षमता, कार्यमा दृढता र विश्वासको वातावरण बन्नु जरुरी हुन्छ। नेपालमा सरकारी काम समयमा सम्पन्न नहुनु विडम्बना नै बन्दै आएको छ। यसले गर्दा नागरिकले पाउनुपर्ने न्यूनतम सेवा पाउन सकिरहेका छैनन् भने विकास निर्माणका काममा पनि ढिलासुस्ती, अनियमितता र गुणस्तरहिनताले प्रभावकारी नतिजा निस्कन सकेको छैन।

राहदानी, राष्ट्रिय परिचयपत्र बनाउन तथा सवारीचालक प्रमाणपत्र प्राप्त गर्न नेपालीले विगत केही समययतादेखि महासास्ती खेप्नु परिरहेको अवस्थालाई सरकारले पहिलो निर्णयबाटै अन्त्य गर्ने जनाएको छ। नयाँ सरकारले यी समस्यालाई समयमै गम्भीर ढङ्गले लिएको हुँदा सर्वसाधारणमा आशाको सञ्चार भएको छ। आमजनताको दैनिक जीवनसँग सरोकार राख्ने यस्ता विषयवस्तुको सम्बोधन तथा समाधान गर्नु सरकारको प्रमुख जिम्मेवारी पनि हो। यसै साता आयोगका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले सत्ता साझेदार दलको न्यूनतम साझा कार्यक्रममा पनि सुशासनलाई उच्च प्राथमिकता दिएको बताउनुभएको छ। प्रधानमन्त्रीले सुशासनको कुरा राज्यको मुख्य जिम्मेवारी भएकाले यसमा सरकार गम्भीर रहेको बताउनुभएको छ। उहाँले भने जस्तै भ्रष्टाचार निवारण एउटा मात्र निकायले गर्न सक्दैन। यो समग्र सामाजिक चेतना र संस्कृतिको प्रश्न पनि हो। भ्रष्टाचार निवारणमा राज्यको जिम्मेवारी प्रमुखरूपमा रहन्छ। त्यसप्रति आफू पूरै गम्भीर जिम्मेवार रहेको बताउनुभएको छ। त्यस्तै प्रधानमन्त्री प्रचण्डले गत साता सरकारका सचिवलाई ३० बुँदेसहित सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा दुरुस्त बनाउन दिनुभएको कडा निर्देशनले निश्चितरूपमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ। सरकारका माथिल्लो तहका कर्मचारीले उपयुक्त तवरले व्यवस्थापन गर्न सकेको भए यो स्थिति आउने थिएन। अहिले जनताले भोग्नुपरेको सास्ती कर्मचारी प्रशासनकै लापर्वाही, अनियमितता तथा उदासीनताको परिणाम सिर्जित हो भन्नु अत्युक्ति नहोला। कर्मचारी प्रशासन जनउत्तरदायी नहुँदा विकास निर्माणका क्षेत्रमा पनि उत्तिकै गैरजिम्मेवार र बेथिति मौलाएको छ। लक्ष्यअनुसार राजस्व नउठ्ने, पुँजीगत खर्च नहुने, अर्कोतर्फ भएको खर्च पनि बेरुजु पर्ने र फछ्र्योट नहुनु भनेको वित्तीय प्रशासनको पूरा चक्र नै समस्याग्रस्त अवस्थाले मुलुकको अर्थतन्त्रलाई नै कमजोर तुल्याएको छ। मुलुक सङ्घीय लोकतान्त्रिक प्रणालीमा रुपान्तरित भई सङ्घीय, प्रदेश र स्थानीय तहका दुई वटा आवधिक निर्वाचन सम्पन्न भइसकेका सन्दर्भमा कर्मचारी प्रशासनले आफ्नो कार्यशैलीमा सुधार गर्नैपर्दछ।

“कर्मचारी प्रशासन जनउत्तरदायी नहुँदा विकास निर्माणका क्षेत्रमा पनि उत्तिकै गैरजिम्मेवार र बेथिति मौलाएको छ। लक्ष्यअनुसार राजस्व नउठ्ने, पुँजीगत खर्च नहुने, अर्कोतर्फ भएको खर्च पनि बेरुजु पर्ने र फछ्र्योट नहुनु भनेको वित्तीय प्रशासनको पूरा चक्र नै समस्याग्रस्त अवस्थाले मुलुकको अर्थतन्त्रलाई नै कमजोर तुल्याएको छ। मुलुक सङ्घीय लोकतान्त्रिक प्रणालीमा रुपान्तरित भई सङ्घीय, प्रदेश र स्थानीय तहका दुई वटा आवधिक निर्वाचन सम्पन्न भइसकेका सन्दर्भमा कर्मचारी प्रशासनले आफ्नो कार्यशैलीमा सुधार गर्नैपर्दछ।

नेपाल सरकारका सचिवलाई निर्देशन दिने क्रममा प्रधानमन्त्रीले सरकारले स्वास्थ्य बीमा, विपन्नलाई स्वास्थ्य सेवा, सरकारी अस्पतालको स्तरोन्नतिका निम्ति विशेष कार्यक्रम लागू गरिए पनि प्रशासनिक

- बाँकी पृष्ठ ६ मा

# हवाई भाडा घट्यो



काठमाडौँ, २५ पुस
सरकारले हवाई इन्धनको मूल्य घटाएसँगै हवाई भाडा पनि घटाइएको छ। आयल निगमले इन्धनको मूल्यमा प्रतिलिटर रु २० कटौती गरेसँगै वायुसेवा सञ्चालक सङ्घले हवाई भाडा घटाएको हो।

सङ्घका अनुसार काठमाडौँदेखि धनगढीसम्मको उडानमा सबैभन्दा धेरै रु आठ सय ८५ भाडा घटेको छ। यो गन्तव्यका लागि रु सात हजार पाँच सय दश कायम भएको छ। काठमाडौँदेखि धनगढीसम्म अधिकतम भाडा रु १६ हजार एक सय ४० कायम भएको छ।

काठमाडौँबाट हुने पर्वतीय उडान (माउन्टेन्ट फ्लाइट)मा रु छ सय ८५ भाडा घटेर अधिकतम रु १४ हजार दुई सय पाँच कायम भएको छ। काठमाडौँ-सिमरामा रु एक सय ८० भाडा घटेको छ। त्यस्तै काठमाडौँ-भद्रपुरमा रु छ सय, काठमाडौ-विराटनगरमा रु चार सय ८५, काठमाडौँ-जनकपुरमा रु दुई सय ६०, काठमाडौँ-भरतपुरमा रु दुई सय १५ र काठमाडौँ-पोखरामा रु तीन सय २० भाडा घटेको छ।



महोत्तरीको सदरमुकाम जलेश्वरबाट ३५० किलोमिटर टाढा रहेको भारतको झारखण्ड जिल्लामा अवस्थित बाबा बैद्यनाथको दर्शन एवं पूजाका लागि पैदल यात्राबाट जाँदै भक्तजन। तस्बिर : सञ्जीतकुमार मण्डल/रासस

# अफ्रिकन "स्वाइन फिभर"ले तनहुँमा १२ बङ्गुर मरे

तनहुँ, २५ पुस
अफ्रिकन 'स्वाइन फिभर'को सङ्क्रमणका कारण तनहुँमा १२ वटा बङ्गुर मरेका छन्। भीमाद नगरपालिका-६ स्थित एक फार्ममा आठ र शुक्लागण्डकी नगरपालिकामा चार वटा बङ्गुर मरेका भेटेरिनरी तथा पशुविज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिए।



उनले भिमाद नगरपालिकामा पहिलोपटक अफ्रिकन स्वाइन फिभर देखिएको बताए। शुक्लागण्डकीका जगत थापाको फार्म चार वटा बङ्गुर मरेको र केही बङ्गुर बिरामी भएको उनले जानकारी दिए। अफ्रिकन स्वाइन फिभरविरुद्ध हालसम्म भ्याक्सिन बनेको छैन। "गतवर्ष काठमाडौँमा अफ्रिकन स्वाइन फिभर देखापरेसँगै जिल्लाका किसानलाई सचेत हुन आग्रह गरेका थियौँ", उनले भने। अफ्रिकन स्वाइन फिभरका कारण बङ्गुरमा उच्च ज्वरो आउने, खाना मन नगर्ने, झोक्राउने, पेट र कानमा रगतका धब्बा देखापर्ने जस्ता लक्षण देखापर्छन्। साथै उक्त सङ्क्रमणका कारण भीमाद नगरपालिकाका सुरवीर थापाको फार्ममा रहेका आठ वटै बङ्गुर मरेका छन्। पोखरास्थित प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिभर देखिएको केन्द्रका प्रमुख डा श्रेष्ठले जानकारी दिए। केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले अहिले जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान गर्न थालेका छन्। केन्द्रका प्रमुख डा श्रेष्ठले भने, "यस रोगको प्रकोपका कारण एक चरण बङ्गुर मरेर सकिन्छ होला भन्ने अनुमान गरेका छौँ।"रासस

# सबैभन्दा ठूलो वाणिज्य बैंक बन्यो ग्लोबल आइएमई

काठमाडौँ, २५ पुस
ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डूबीच मर्जरपछि आजबाट एकीकृत कारोबार सुरु भएसँगै यो सबैभन्दा ठूलो वाणिज्य बैंक बनेको छ। कूल पुंजी, निक्षेप, कर्जा, शाखा सञ्जाललगायतका आधारमा ग्लोबल आइएमई बैंक देशकै सबैभन्दा ठूलो बैंक भएको हो।

सोमवार एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले अधिकांश वित्तीय सूचकमा ग्लोबल आइएमई बैंक नेपालको पहिलो बैंक बनेको बताए।

मुलुकको वित्तीय क्षेत्रको कूल बजार हिस्साको करिब १० प्रतिशत ओगट्ने आकारमा यो बैंक पुगेको उनको दाबी छ।

"यसअघि पनि हामी धेरै सूचकमा पहिलो नै थियौँ।

तर, आजको मर्जरपछि हामी झनैमाथि उक्लिन सफल भएका छौँ। योसँगै हालसम्म पाँचवटा वाणिज्य बैंक, १० वटा विकास बैंक र छ वटा फाइनान्स कम्पनीसहित कूल २१ वटा वित्तीय संस्था एउटै संस्थाका रुपमा एकीकृत गरेका छौँ", ढकालले भने।

एकीकृत कारोबारपछि बैंकको कूल पुंजी कोष रु ५७ अर्ब




पुगेको छ। निक्षेप सङ्कलन रु चार खर्ब १० अर्ब, कर्जा प्रवाह रु चार खर्ब र कूल सम्पत्ति रु पाँच खर्ब पुगेको छ। बैंकले सबै जिल्लामा शाखा सञ्जाल पुर्‍याएको छ। हाल ग्लोबल आइएमई बैंकका देशभर एक हजार एक सय शाखा तथा तीन वटा वैदेशिक सम्पर्क कार्यालय छन्। दक्षिण कोरियामा नेपाली बैंकको पहिलो वैदेशिक शाखा सञ्चालनको अन्तिम तयारीमा पनि ग्लोबल आइएमई बैंक छ। बैंकमा हाल ४० लाखभन्दा बढी ग्राहक छन् भने चार हजारभन्दा बढी कर्मचारी कार्यरत छन्। नेपाल राष्ट्र बैंकले मर्जरको नीति घोषणा गरेपछि त्यसलाई पछ्याउँदै अहिलेको अवस्थासम्म आइपुगेको अध्यक्ष ढकालको भनाइ छ। "मर्जरमा गएकै कारणले हामी मात्रै सफल भएका छैनौँ, सरकारको यो नीतिको कार्यान्वयनबाट अरु बैंक तथा वित्तीय संस्था पनि मर्जरमा जानका लागि उत्साहितसमेत गरेका छौँ", उनले भने।

बैंकको आकार र वित्तीय सूचकांकमा ठूलो देखिनु मात्र सफलता नभइ मुलुकको वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउन सकोस् भन्ने उद्देश्यले मर्जरलाई प्राथमिकतामा राखिएको ढकालको भनाइ छ।

"मुलुकका सबै क्षेत्रमा सबै नागरिकलाई, सानोदेखि ठूलासम्म, वित्तीय सेवा पुर्‍याउने बैंकका रुपमा अघि बढिरहेको ग्लोबल आइएमई बैंकले मुलुकको वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउने लक्ष्य हामीले लिएका छौँ", उनले भने।

ठूलो बैंक हुनुका पछाडि अवसर मात्र नभएर कैयौँ चुनौती पनि जोडिएर आउने ढकालको बुझाइ छ। पटक-पटक मर्जरको अनुभव हासिल गरिसकेकाले त्यस्ता चुनौतीलाई कुशलतापूर्वक व्यवस्थापन गरी बैंकलाई सबल संस्थाका रुपमा विकास गर्न सक्षम हुने विश्वास पनि उनले व्यक्त गरे। बैंकहरुको पुँजी कम हुँदा अहिलेको आवश्यकताअनुसार एउटै परियोजनाका लागि स्रोत जुटाउन पनि बढी संख्यामा बैंकहरुको सहकार्य गर्नुपर्ने अवस्था भएको ढकालको भनाइ छ।

ठूलो आकारको बैंक बनेसँगै ठूला पूर्वाधार निर्माणमा लगानी गर्न र यस्तो कठिनाई भोगिरहेका उद्योग व्यवसायीका लागिसमेत यसले राहत दिने उनले बताए।रासस

# पर्यटन प्रवर्द्धन गर्न वेस्टर्न ट्राभल मार्ट गरिने



राँझा, २५ पुस
पश्चिम नेपालमा पर्यटन प्रवर्द्धन गर्न नेपालगञ्जमा वेस्टर्न ट्राभल मार्ट आयोजना हुने भएको छ। पर्यटकीय गन्तव्यलाई प्रवर्द्धन गर्दै आर्थिक विकास गर्ने उद्देश्यसहित आगामी माघ २७ देखि २९ गतेसम्म मार्टका लागि तयारी गरिएको नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) जिल्लाका अध्यक्ष श्रीराम सिग्देलले जानकारी दिए।

उनका अनुसार नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आयोजना गर्न लागिएको मार्टलाई विशेष महत्वको बनाउने गरी कर्णाली र लुम्बिनी प्रदेशका पर्यटकीय गन्तव्य तथा कला संस्कृतिलाई प्राथमिकतामा राखेर काम गरिने छ। मार्टमा आउने पाहुनालाई पर्यटनसम्बन्धी स्टलदेखि यस क्षेत्रका धार्मिक एवं पर्यटकीय गन्तव्यको भ्रमण, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको भ्रमण, कर्णाली नदीमा र्‍याफटिङ, रारा यात्रा र माउण्टेन फलाइट गराउने तयारी भएको अध्यक्ष सिग्देलले बताए।

मार्टबाट बाँकेका दुई वटा ऐतिहासिक धार्मिकस्थल नरैनापुरको बाबा बर्फानी र सन्तानेश्वर महादेवको मन्दिरलाई विशेष रुपमा प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ। यसैगरी नेपालको मौलिक उत्पादनको रुपमा रहेको 'अल्लो' बाट निर्माण गरिएको सामग्री र शालिग्रामको प्रचारका लागि आयोजक नाटाले काम गर्ने उहाँको भनाइ थियो। मार्टका बेला पश्चिम नेपालमा लगानीको वातावरण निर्माण र सम्भावनाको खोजीबारे छलफल गर्न नेपालका पर्यटन व्यवसायी र उद्योगपतिलाई निमन्त्रणा गर्ने तयारी गरिएको नाट्टाका लुम्बिनी प्रदेश अध्यक्ष रचना पन्तले जानकारी दिए।

उहाँले पर्यटन क्षेत्रको विकास हुँदा समग्र देशले फाइदा लिन सक्ने भएकोले पश्चिम नेपाललाई पर्यटनको क्षेत्रमा विश्वभरी चिनाउने लक्ष्यसहित आफूहरुले काम गरिरहेको जिकिर गर्नुभयो। दोस्रो पटक नेपालगञ्जमा हुन लागेको मार्टमा सहभागिता जनाउनु पश्चिम क्षेत्रका पर्यटन व्यवसायीका लागि गर्वको कुरा भएको पर्यटन प्रवर्द्धन मञ्चका जिल्ला संयोजक कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो।

ट्राभल मार्टमा भारतको दिल्ली, आगरा, गोण्डा, बनारस र लखनउबाट पर्यटन व्यवसायी तथा पर्यटकलाई ल्याउने तयारी गरिएको उनको भनाइ थियो।

# विस्थापित हुँदैछन् पशुपालक कृषक

मध्यबिन्दु, २५ पुस
नवलपरासी(बर्दघाट सुस्तापूर्व) गैँडाकोट नगरपालिका- ८ को सम्राट कृषि तथा पशु फार्ममा दुई वर्षअघि ५० वटासम्म गाई थिए। दैनिक चार सय लिटर दूध उत्पादन हुन्थ्यो। मासिक आम्दानी दुई लाख। तर, हिजोआज फार्ममा चार गाई छन्। कोरोना भाइरसपछि देखिएको आर्थिक मन्दी, दाना पराल महँगो हुनुजस्ता कारणले गाईको सङ्ख्या घटाउनु परेको फार्मका सञ्चालक हेमन्त पौडेल बताउछन्।



"व्यवसाय नै यही हो भनेर सुरु गरिएको हो, यसलाई अँगाल्नुको साटो पन्छाउँदै जाँदा त दुःख लागेको छ", पौडेलले भने "२५ देखि २६ हजारसम्म आउने पराल कोडिभका बेला ८० हजार सम्म हाल्नुपर्‍यो, आठदेखि दश दिन पनि हुँदैन, चार लाखको दूध बेचेर तीन लाखको पराल नै खुवाएर कसरी पाल्नु।"

गैँडाकोट-६ कै झुमा क्षेत्रीका गोठमा १२ गाई थिए। लागतअनुसारको उत्पादन प्रतिफल नआएपछि उनले सात गाई बेचिदिए। अब पाँच वटा गाई बाँकी छ। दाना, पराल महँगिँदै गएको तर दूधको मूल्य पर्याप्तरूपमा नबढेको भन्दै किसानले गाईपालनको विकल्प खोज्न थालेका छन्। "पहिलापहिला गाई किनबेचमा उचित मूल्य थियो, अहिले मूल्य छैन", क्षेत्रीले भने "पाँच सय रुपैयाँ मुठा पराल ल्याउने हो, चार दिन हुन्न, दाना चोक्करलाई एकै पटक पाँच हजार नभई हुन्न।"

हाल किसानले प्रतिलिटर ५० देखि ६० रूपैयाँमा दूध बिक्री गर्दै आइरहेका छन्। उपभोक्तले एक लिटर दूधको मूल्य ९० रुपैयाँ तिर्नुपर्छ। किसानले गाईलाइ खुवाउने चोक्करसहितको पाँच हजार खर्च गर्नुपर्छ। एउटा दुधालु गाई पाल्न किसानले वार्षिक रु एक लाख ४२ हजार खर्च गर्नुपर्दा उत्पादन भने लगभग रु एक लाख हुन्छ। दाना र चोक्करको मूल्यमा सहुलियत पाए सजिलो हुने लामिछाने पशु फार्मका सञ्चालक रीता लामिछानेले बताए। "दूधको उचित मूल्य छैन, बिहान ४ बजे उठेर दूध दुहुनपर्छ, लिटरको ५५/५६ मूल्य पर्छ", लामीछानेले भने।

सरकारले कृषि क्षेत्रको प्रवर्द्धनका लागि विभिन्न नीति बनाएको छ। तर सरकारले गर्ने लगानी वास्तविक किसानसम्म नआउने गरेको उनीहरु बताउँछन्। अर्का पशुपालक किसान विष्णु न्युरे भन्छन्, "खर्च पुर्‍याउन सकिएन, बिरामी धेरै हुने, औषधि उपचार पनि महँगो, झोलाका किसान धेरै भए, वास्तविक किसान राज्यले पहिचान गर्न नसक्दा गरिब किसान सधैँ पीडामा छन्।"

देशभरि जस्तै गैँडाकोटमा गाई फार्मको संख्या घटिरहेको छ। गैँडाकोट नगरपालिकामा पाँच सय १६ गाईभैँसी फार्म सञ्चालनमा छन्। अधिकांश फार्मले विस्तारै गाईको संख्या कम गराउँदै लगेका छन्। गाईपालक किसानलाई प्रोत्साहन गर्न गैँडाकोट नगरपालिकाले घाँस काट्ने मेसिन खरिद गरी वितरण गरेको नगरपालिकाका पशु शाखा प्रमुख डाक्टर प्रमोदकुमार पौडेल बताउछन्।

"गत र यो वर्ष हामीले यान्त्रीकरण कार्यक्रमअन्तर्गत घरमै दाना बनाउनसक्ने मेसिन वितरण गरी लागत कम गराउन लागिपरेका छौँ", शाखा प्रमुख पौडेलले भने। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा छ हजार चार सय ८६ व्यावसायिक पशुपालन फार्म रहेका छन्। एक हजार दुई सयभन्दा बढी गाईपालन फार्म छ। दाना र पराल महँगो हुँदै जानु र उत्पादित दूधले उचित बजार नपाउने कारण गाईपालक किसान कम हुँदै गएका छन्। गाईलाई आवश्यक पर्ने दाना, भुसा र परालको सहज आपूर्तिको व्यवस्था सरकारले गरिदिए देश दूधमा आत्मनिर्भर मात्रै होइन, दुग्धजन्य पदार्थको निर्यात पनि गर्न सकिन्छ। यसका लागि नीतिगत व्यवस्था नै गरिदिनुपर्ने पशुपालक किसान बताउँछन्।रासस

# देवाहीगोनाहीमा मेयर कप क्रिकेट प्रतियोगिता शुरु



आरके श्रीवास्तव,गरूडा,पुस २५ गते

रौतहटको देवाहीगोनाही नगरपालिकामा प्रथम मेयर कप क्रिकेट प्रतियोगिता सुरू भएको छ।

सो नपाको वडा नम्बर ९ धरहरी स्थित श्री जय किसान बहु प्राबिधिक शिक्षालयको प्राङ्गणमा नगर प्रमुख प्रेमलाल साहले उदघाटन गरे पछि क्रिकेट प्रतियोगिता शुरु भएको हो।


क्रिकेट प्रतियोगितालाई सम्बोधन गर्दै नगर प्रमुख प्रमेलाल साहले क्रिकेटका खेलाडीहरुले खेल प्रति देखाएको रुचि प्रति आफ्नो समर्थन रहेको भन्दै खेलकुद खेलाडीहरु प्रति नगरपालिकाले सहयोग गर्ने बताउनु भयो। नगर प्रमुख साहले खेलकुद मनोरजंनको लागि मात्र नभई स्वास्थको लागि समेत फाइदाजनक रहेको भन्दै शिक्षाको साथै खेलकुदमा पनि ध्यान दिन जरुरी रहेको बताए। सो प्रतियोगिताको उदघाटन सत्रको विशिस्ट अतिथिको रुपमा उप मेयर परनिया देवी पटेल रहनु भएको थियो।

सो अवसरमा जनमत पार्टीका नेता बिरेन्द्र कुमार गुप्ता, ईलाका प्रहरी कार्यलय देवाही गोनाहीका प्रहरी निरिक्षक गोबिन्द साह स्थानीय भद्रभलादमी बुद्धिजीवी लगायत हजारौंको संख्यामा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो।

टस जितेर पहिलो बैटिङ्ग गरेको धरहरी एक्सप्रेस टिमले अकबर क्रिकेट कल्ब जिगडवालाई १० ९ रनको पराजित गरेको छ।

सोमबार भएको खेलमा धरहरी टिमले दिएको १०९ रनको लक्ष्य जिगडवा टिमले निर्धारीत ओभरमा १०८ रन बनाउदै पराजित भए थियो।

# जनताको अपेक्षा बढि रहेकाले कार्यकालको सदुपयोग गर्न भण्डारीको भनाई



मधेशदृष्टि
काठमाडौँ, २५ पुस

लोकतान्त्रिक समाजवादी पार्टीको नेता शरत्सिंह भण्डारीले संविधानलाई पूर्णता दिएर अगाडि बढ्नुपर्ने बताएका छन। प्रतिनिधिसभाको सोमवारको बैठकलाई सम्बोधन गर्दै उनले आर्थिक, राजनीतिक र सामाजिक समस्या समाधान गर्न सबै एक ठाउँमा उभिनुपर्ने बताए। "हामीसँग यो अन्तिम अवसर हो", उनले भने।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जीता श्रेष्ठले टीकापुर घटनालाई राजनीतिक घटनाका रुपमा लिइनुपर्ने र बन्दी जीवन बिताइरहेका रेशम चौधरी लगायतलाई रिहाइ गरिनुपर्ने बताए। पहिचानसहितको प्रदेश खोज्दा जेल जानुपर्ने अवस्था सिर्जना भएको गुनासो गर्दै उनले लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरे।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले राजनीतिक दल र तीनका नेतामा सिद्धान्त, नीति, नैतिकताले काम नगरी जसरी पनि सत्तामा पुग्ने खेलमा राजनीतिक दलका नेताप्रति जनताको आस्था कमजोर देखिएको बताए। उनले भने, "राष्ट्रियता र स्वाधीनताको रक्षा गर्नेतर्फ हामी सबै जुट्नपर्छ, सत्ता केन्द्रित राजनीतिले देश विकासमा पछि परेको हो। देशमा भएका सांसद र मन्त्रीको सङ्ख्या बढी भएकाले अर्थतन्त्रले कसरी धान्छ ?"

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राष्ट्रियताका विषयमा सबै दल गम्भीर हुनुपर्ने बताए। उनले जनअपेक्षाअनुसार काम गर्न आग्रह गर्दै पूर्वाधार विकासका क्रममा विस्थापित जनताको पुनःस्थापनामा सरकारको ध्यान जानुपर्ने बताए। स्वतन्त्र सांसद अमरेशकुमार सिंहले देशमा हुँदा खाने र हुने खाने सबैले काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने आजको आवश्यकता रहेको बताए। उनले भने, "देशको अर्थतन्त्र जर्जर अवस्थामा छ, यो विचौलियाको चपेटामा परेर भएको हो, राजनीतिमा सिद्धान्त, आदर्श र समर्पण चाहिन्छ। जनतालाई शिक्षा र स्वास्थ्य, किसानलाई मल र बीउ चाहिएको छ।"

स्वतन्त्र सांसद प्रभु साहले राष्ट्रिय समस्या समाधान गर्न राष्ट्रिय एकता आवश्यक अपरिहार्य भएको बताए। उनले भने, "जबसम्म बलियो स्थायी सरकार बन्दैन तबसम्म समस्या समाधान हुँदैन। त्यसैले आग्रह पूर्वाग्रह छोडेर अहिले पनि देशका लागि राष्ट्रिय एकता आवश्यक छ। यो सरकारलाई राष्ट्रिय सहमतिको सरकार बनाउन सक्छौँ। एजेन्डामा छलफल गरेर एकताबद्ध हुन सक्छौँ।" उनले मुलुकको वर्तमान समस्यालाई समाधान गर्न सबै राजनीतिक दल एकजुट भएर लाग्नुपर्नेमा जोड दिए।

अर्का स्वतन्त्र सांसद योगेन्द्र मण्डलले जनजीविकासँग जोडिएको कृषिलाई आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्न लाग्नुपर्नेमा जोड दिए। उनले शिक्षा क्षेत्रलाई सुधार गर्न योजनाबद्ध कार्यक्रम आवश्यक रहेको भन्दै सरकारी विद्यालयको स्तर उकास्नुपर्ने बताए। बेरोजगारीको समस्या समाधान गर्दै मुलुकको आर्थिक क्षेत्रलाई टेवा पुऱ्याउन कृषि, शिक्षा र पर्यटनलाई प्राथमिकतामा काम गर्नुपर्ने उनले खाँचो औँल्याए।

## न्याय, सुशासन र समृद्धि .......

झन्झटका कारण यी सेवाको उपयोग लक्षित समूहले गर्न नसकेको औँल्याउँदै यसको समाधान गर्न निर्देशनसमेत दिनुभएको थियो। एक महिनाभित्र राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी लाइसेन्स, शिक्षा मन्त्रालयबाट प्रदान गरिने 'नो अब्जेक्सन सर्टिफिकेट', सरकारी अस्पतालमा बिरामीको उपचार, मालपोत, नापी, कर दस्तुर बुझाउने ठाउँमा सेवाग्राहीले पाउने गरेको सास्तीको अन्त्य होस् भन्ने प्रधानमन्त्रीबाट स्पष्ट निर्देशन भएको छ। यसरी सार्वजनिक सेवा प्रवाहमा आमजनतालाई सास्ती दिइएमा जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नेसम्म मुलुकका कार्यकारी प्रमुखको निर्देशनले कर्मचारी प्रशासनमा नयाँ तरङ्ग ल्याएको छ। वास्तवमा भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति गराउन सरकारको भूमिका प्रभावकारी रहन्छ। भ्रष्टाचार नियन्त्रण, विकास आयोजनाको तीव्रता, दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिजस्ता विषयमा पनि प्रधानमन्त्रीको निर्देशनलाई सम्बन्धित सरोकारवालाले जिम्मेवारपूर्वक मनन गर्नु जरुरी छ। यसबाट देशमा सुशासन र समृद्धिको सपना साकार गर्न सहयोग पुग्दछ। प्रधानमन्त्रीद्वारा दिइएका निर्देशनको अक्षरशः पालन भएर जनताले सहजतापूर्वक सार्वजनिक सेवा लिन पाउने स्थिति हुनेमा आशा पलाएको छ। प्रधानमन्त्रीले आफ्नो बाँकी जीवन जीवन सुशासन र विकासका निम्ति समर्पित गर्ने बताउनुले पनि उहाँ यसपटकको कार्यकाललाई स्मरणीय र उदाहरणयोग्य बनाउन चाहनुहुन्छ। आफूले सिंहदरबारमा फोटो झुण्ड्याउनकै लागि नभएर जीवनभर गरेको राजनीतिक सङ्घर्षको परिणाम स्थापित गराउन चाहनु भएको छ।

प्रधानमन्त्री बनेपछि पहिलोपटक चितवन पुग्नुभएका उहाँले प्रधानमन्त्री बनेपछि हरेक दिन देश र जनता, सुशासन र विकासका पक्षमा लगाउने प्रतिज्ञा गरेको बताउनुभएको थियो। प्रधानमन्त्री प्रचण्डले अब आफूले भाषण गर्नेभन्दा पनि काम गर्ने बताउँदै जनताका पिरमर्कालाई सम्बोधन गर्न कुनै पनि निर्णयमाथि कठोर कदम चलाएर राष्ट्रको पक्षमा नै जाने सङ्कल्प लिएको उल्लेख गर्नुभएको थियो। आम नेपाली जनतालाई सुशासन र समृद्धिको नयाँ युगको सूत्रपात गर्न पनि आग्रह गर्नुभएको छ। सुशासनको कुरा राज्यको आम जिम्मेवारी हुँदाहुँदै यसमा सरकार अझ बढी गम्भीर बन्नुपर्ने हुन्छ। भ्रष्टाचार निवारण एउटा मात्र निकायले गर्न सक्दैन। यो समग्र सामाजिक चेतना र संस्कृतिको प्रश्न पनि हो। आम जनताको चेतना र पहलसँग पनि यसको सम्बन्ध रहन्छ। त्यसैले भ्रष्टाचार निवारणमा राज्यको जिम्मेवारी प्रमुखरूपमा रहन्छ। सरकार प्रमुखबाट यसरी स्पष्ट निर्देशन हुनुले सरकारप्रतिको विश्वसनीयता बढ्नुका साथै लोकतान्त्रिक शासन प्रणालीलाई नै बलियो बनाउन बल पुग्दछ। प्रधानमन्त्री प्रचण्डले खाजेजस्तै जनमुखी प्रशासन, भ्रष्टाचाररहित वातावरण र प्रभावकारी सेवा प्रवाह हुनसकेमा मुलुकको समृद्धि र राजनीतिक स्थायित्व हुन सक्दछ। विगतमा राजनीतिक नेतृत्वमा इच्छाशक्तिको कमी र सरकारको भूमिकाका कारण सही व्यवस्थापन गर्न नसक्दा मुलुकमा कुशासन मौलाउँदै गयो र जनता निरीह बन्न पुगे। यसपटक सही नेतृत्व र सही व्यवस्थापन हुने आशा जनताले लिएका छन्।

सत्ता साझेदार दलको न्यूनतम साझा कार्यक्रममा पनि सुशासनलाई उच्च प्राथमिकता दिने गरी विभिन्न प्रतिबद्धता आउँदैछन्। प्रधानमन्त्री प्रचण्डले भोलि संसद्बाट विश्वासको मत लिदै हुनुहुन्छ। विश्वासको मत प्राप्त भएपछि छिटै ल्याइने सरकारको न्यूनतम साझा कार्यक्रमले मुलुकलाई नयाँ ढङ्गबाट अगाडि बढाउन र वर्तमान चुनौतीको समाधान खोज्न मार्गप्रशस्त गर्नेछ। संसद्मा उपस्थित अधिकांश पार्टी सम्मिलित वर्तमान सरकारले छिटै पूर्णता पाएसँगै नयाँ जोश र उत्साहका साथ काम हुनेमा जनता विश्वस्त देखिन्छन्। सरकारमा सहभागी नभए पनि प्रतिपक्षमा रहेर देशले भोग्नुपरेका समस्या समाधानमा साथ दिनु अन्य राजनीतिक दलको पनि कर्तव्य हुन आउँछ।

जनतालाई केन्द्रबिन्दुमा राखेर निर्वाचनमा गरेका प्रतिबद्धताहरुलाई इमान्दारपूर्वक कार्यान्वयन गर्नु सबैको साझा दायित्व पनि हो। विश्वव्यापीरुपमा बढ्दो आर्थिक सङ्कटबाट मुलुकलाई जोगाउन तथा राजनीतिक अस्थिरता आउन नदिन सबैले जिम्मेवारपूर्ण सोच र व्यवहारलाई आत्मसात गर्न आवश्यक छ। (रासस)

# लोकतन्त्रको रक्षाका लागि सक्रिय भूमिका खेल्छौँ : अध्यक्ष राउत



मधेशदृष्टि
काठमाडौँ, २५ पुस

जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सीके) राउतले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सम्मान गर्दै यो व्यवस्थाको दिगोपनाका लागि पार्टीले सक्रिय भूमिका खेल्ने बताएका छन। प्रतिनिधिसभाको सोमवारको बैठकमा सम्बोधन गर्दै उनले विश्वकै उत्कृष्ट व्यवस्थाको रक्षा गर्न पार्टी जिम्मेवार ढङ्गले लाग्ने विश्वास व्यक्त गरे। उनले भने, "गणतान्त्रिक व्यवस्थाप्रति हाम्रो उच्च सम्मान रहेको छ, त्यस्तै लोकतान्त्रिक व्यवस्थाको रक्षाका लागि पार्टीले सदैव अग्रणी भूमिका खेल्नेछ।" अध्यक्ष राउतले आफूहरुलाई संसदमा पुऱ्याउन भूमिका खेल्ने जनताको अभिमतलाई धन्यवाद दिँदै आफ्नो निर्वाचन क्षेत्रबाट यसअघि निर्वाचित उम्मेदवारको पनि स्मरण गरे।

"आवेग र अग्रजप्रति पार्टीको सम्मान पनि छ। हामीभित्र देखिएको आवेग जनताभित्र रहेको परिवर्तनको आकांक्षा हो, त्यसलाई सकारात्मक ऊर्जाका रुपमा उपयोग गर्न सकौँ भनेर यहाँ आएको छु", उनले भने।

नेपाल विविधतायुक्त मुलुक नेपालको समस्यालाई सामूहिकरुपमा समाधान गर्न सबै अग्रसर हुनुपर्नेमा जोड दिए।

उनले किसानले बेहोरिरहेको विभिन्न समस्याबारे सरकारले विशेष ध्यान दिनुपर्ने बताए।

## सिभिक स्पेसप्रतिको .......................................

जनआन्दोलनमा पनि नागरिक समाजको उल्लेखनीय भूमिका थियो। जनआन्दोलनमा नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, विभिन्न पेसाकर्मी, ट्रेड युनियन र मिडिया जगत्को

प्रत्यक्ष संलग्नता थियो। नागरिक आन्दोलन र सार्वजनिक बहसमा सबै भन्दा अग्रपङ्क्तिमा देखिनेहरू आफू निकट दल सत्तामा पुग्दा राज्यका विभिन्न ओहोदामा पुगेका छन्। सरकार परिवर्तन भएपछि उनीहरू पुनः नागरिक आन्दोलनमा, अधिकारमा आधारित पैरवीमा, राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थामा नै फर्किने गरेका छन्। यसले गर्दा

उनीहरूको भूमिका र निश्पक्षतामाथि प्रश्न उठ्दै आएको छ। कतिपयले नेपालमा सिभिक स्पेस र नागरिक समाजको स्वतन्त्र अतित्वमाथि नै प्रश्न उठाउने गरेका छन् भने कतिले यसलाई राजनीतिक आस्था र विचारबाट निर्देशित हुने गरेको बताउने गरेका छन्। यस्तो भूमिकाका कारण नागरिक आन्दोलन, गैससको भूमिका र गतिविधिलाई नकारात्मक दृष्टिकोणले लिनेहरूको पनि कमी छैन।

विशेषगरी दोस्रो जनआन्दोलनपछि विदेशी सहायता र अधिकारमा आधारित नागरिक समाजले समस्याको समाधान गर्ने भन्दा पनि समस्यालाई बढाएको र राज्यको भूमिकालाई नै कमजोर बनाएको आरोपसमेत लाग्ने गरेको छ। सिभिक स्पेस, नागरिक समाज र तिनका गतिविधिहरूलाई राज्य र नागरिक स्तरबाट बेलाबेलामा डलर खेती, धर्म प्रचारक वा धर्म परिवर्तनका एजेन्टको आरोप लाग्ने गरेको छ।

केही अपवादका घटना नभएका होइनन् तर समग्रमा यो यथार्थ होइन। अर्को आरोप भनेको सिभिक स्पेस, नागरिक समाज र अधिकार, सुशासन र पारदर्शिताका लागि वकालत गर्दै आएका विकास साझेदार, गैससहरू स्वयं पारदर्शी नभएको र त्यहाँ पनि भ्रष्टाचार मौलाएको आरोप लाग्ने गरेको छ। अर्को बुझाइचाहिँ यहाँको सिभिक स्पेस र विशेषगरी नागरिक समाज र तिनका गतिविधि

दाताको इसारामा चल्छन् भन्ने हो। साथै नागरिक समाज र गैससहरू सीमित स्वार्थ समूह वा परिवार को कब्जामा रहेको र दाताको सहयोग दुरुपयोग हुने गरेको आरोपबाट मुक्त छैन। गैससभित्रै कर्मचारीमाथि आर्थिक शोषणका घटना बेलाबेला सार्वजनिक हुँदा पनि यसले गैससप्रति नकारात्मक धारणा राख्ने हरूलाई बल पुगेको छ। सिभिक स्पेस र समग्र नागरिक आन्दोलनको राजनीतिक पक्षधरता, विवादास्पद भूमिका र कमजोरीका कारण त्यसप्रति जनविश्वास र आमअपेक्षा पनि कमजोर देखिन्छ। निर्वाचित सरकारहरू सिभिक स्पेस र नागरिक समाजलाई खुला

र स्वतन्त्र राखिने बताउने गर्छन्। राज्यले पनि गैर सरकारी सङ्घ/संस्थाको भूमिकालाई विकास साझेदार का रूपमा हेर्ने गरेको छ। संविधान र अन्य दस्तावेजमा पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई विकास साझेदार उल्लेख गर्दै राज्य रसर कारको परिपूरकका रूपमा चित्रण गरिएको पाइन्छ। तर कतिपय नीतिगत प्रबन्ध र व्यवहारबाट भने नागरिक समाज, यसमा आबद्ध विभिन्न सङ्घ/संगठन र तिनको भूमिकाप्रति सन्देहभाव राखेको आभाष हुन्छ। नागरिक समाजलाई डलर खाएर विदेशीको इसारामा सरकारको आलोचना गर्ने आरोप लाग्ने गरेको छ। विशेषगरी पूर्वमाओवादी विद्रोही र त्यससँग जोडिएका नेता/कार्यकर्ताहरूले

यसलाई बेलाबखत उचाल्ने गरेका छन्। नागरिक समाजमाथि सरकारलाई काम गर्न सहजता भन्दा नचाहिँदा किसिमले भाँजो हाल्ने काम गरेको दोष पनि लाग्ने गरेको छ। अधिकारका पक्षमा वकालत गर्ने गैरसरकारी संस्थाका कमजोरी, त्यसप्रति सरकारी निकायका सन्देहभावका कारण नागरिक संस्थाहरू र विशेषगरी गैरसरकारी सङ्घ/संस्थाप्रति राज्यको

दृष्टिकोण खुला र लचिलो छैन। राज्य र सरकारले नागरिक समाज र तिनका गतिविधिलाई सहजीकरण गर्ने भन्दा पनि सङ्कुचित पार्ने काम गर्दै आएको देखिन्छ। गैरसरकारी सङ्घ/संस्थालाई राज्यले कस्न थालेपछि कतिपय व्यक्तिले नाफारहित निजी कम्पनीमार्फत ती काम अघि बढाउन चाहेका देखिन्छ। समाज कल्याण परिषद्को अनुगमन र प्रशासनिक झमेलाबाट उम्कन उनीहरूले यो मार्ग अपनाउन थालेका हुन्। नाफा वितरण गर्ने उद्देश्य नभएका यस्ता संस्था कम्पनी ऐनअनुसार दर्ता भएर सञ्चालन हुने गर्छन।

(साभारः सेन्टर फर मिडिया–रिसर्च,नेपालको प्रकाशन 'दबावमा नागरिक समाज 'बाट केही अंश)





चिनियाँ राष्ट्रपति सी चिनफिङले सेप्टेम्बर ज्ञछ, द्ण्द्द, उज्बेकिस्तानको समरकन्दमा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा उज्बेकका राष्ट्रपति शाभकत मिर्जियोयोभद्वारा प्रदान गरिएको मित्रताको आदेश ग्रहण गर्नुभयो।

# वार्ताका लागि अमेरिकी राष्ट्रपति मेक्सिकोमा


मेक्सिको सिटी, २५ पुस,
अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका मेक्सिकन समकक्षी एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरबीच सोमबार हुन लागेको वार्तामा क्षेत्रीय आप्रवासन र लागुऔषध तस्करी लगायतका मुद्दामा छलफल हुने बताइएको छ।

वार्ताका लागि आइतबार राष्ट्रपति बाइडेन मेक्सिको सिटी आइपुग्नु भएको हो। राष्ट्रपतिको पदभार ग्रहण गरेपछि उहाँको यो पहिले मेक्सिको भ्रमण हो।

उहाँले सोमबार र मङ्गलबार लोपेज ओब्राडोर र क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोसँग पनि छुट्टा-छुट्टै भेटवार्ता गर्ने र "थ्री एमिगोस" शिखर सम्मेलनमा सहभागिता जनाउने छ।

यस्तै छलफलका लागि व्यापार र वातावरणीय मुद्दाहरू पनि जोडतोडका साथ अगाडि सारिएका छन्। वार्तामा राष्ट्रपति बाइडेनले अनियमित आप्रवासन र लागुपदार्थको तस्करीको विषयलाई मुख्यरूपमा उठाउने छ।

"सिमानामा हाम्रा समस्याहरू रातारात उत्पन्न भएका होइनन् र ती रातारात समाधान पनि हुँदैनन्। तर हामी यो बिग्रिएको प्रणालीलाई ठीक पार्न एकजुट हुन सक्छौं। हामी सीमा सुरक्षित गर्न सक्छौं र अध्यागमन प्रक्रियालाई व्यवस्थित, निष्पक्ष, सुरक्षित र मानवीय बनाउन सक्छौं।" मेक्सिको पुगेपछि



बाइडेनले ट्वीट गरेका छन।

मेक्सिको जानेक्रममा राष्ट्रपति बाइडेन सङ्कटग्रस्त सीमानाको केन्द्रमा रहेको टेक्सासको एल पासोमा केही घण्टा रोकिएका थिए।

उनले ब्रिज अफ द अमेरिकन क्रसिङमा अमेरिकी अधिकारीहरूसँग भेट गर्दै नवीनतम सीमा प्रवर्तन प्रविधिको प्रदर्शन र भन्सार स्निफर कुकुरको प्रदर्शन लगायतका विषय विशेष चासोपूर्वक निरीक्षण गरेका थिए।

विभिन्न किसिमका दमन, गरिबी तथा गम्भीर अपराधबाट पीडित देशहरूबाट जोखिमपूर्ण यात्रा गर्ने मानिसहरूले अवैध सीमा पार गर्ने र शरणका लागि अमेरिकामा आवेदनहरूको चाङ लागेको बेला राष्ट्रपति बाइडेनको यस भ्रमण भएको हो। अवैध आप्रवासन र लागुऔषध कारोबारले अहिले अमेरिका लगायत यस क्षेत्रका देशहरूलाई गम्भीर चुनौती थपेको छ।

सन् २०२१ मा संयुक्त राज्य अमेरिका र मेक्सिकोले बसाइँसराइको मूल कारणहरूलाई सम्बोधन गर्न, आर्थिक विकासलाई प्रोत्साहन गर्न र सीमापार हतियारको तस्करी विरुद्धको नियन्त्रणलाई सशक्त बनाउन लागुऔषधको तस्करी विरुद्धको लडाइँको पुनःसंरचना गर्ने घोषणा गरेका थिए।

मेक्सिको कार्टेल-सम्बन्धित रक्तपातले ग्रस्त छ जहाँ सन् २००६ मा लागुऔषध विरुद्धको लडाइमा सेना परिचालन गरिएदेखि तीन लाख ४० हजारभन्दा बढी मानिसहरूको हत्या भएको छ।

राष्ट्रपति बाइडेनको भ्रमणको केही दिन अघि, मेक्सिकन सुरक्षा बलहरूले कुख्यात ड्रग किंगपिन जोआकिन "एल चापो" गुजम्यानका छोरालाई पक्राउ गरेको थियो जो अहिले अमेरिकी जेलमा आजीवन काराबामा छन्।

अमेरिकाले ओभिडियो गुजम्यानलाई उनका बुबाले स्थापना गरेको सिनालोआ कार्टेलमा प्रमुख खेलाडी भएको आरोप लगाउँदै उनको गिरफ्तारीमा सहयोग पुर्यालउने जानकारीको लागि पाँच मिलियन अमेरिकी डलरको इनाम प्रस्ताव गरेको थियो।

त्यसैगरी जलवायु परिवर्तनलाई सम्बोदन गर्न र स्वच्छ ऊर्जा प्रविधिहरूमा सहयोग पुर्याउँने उद्देश्य पनि शिखर सम्मेलनको एजेन्डामा हुने बताइएको छ। (रासस-एएफपी)

# ब्राजिलको सरकारी भवनहरूमा भएको "हमला" को निन्दा

वाशिङ्गटन, २५ पुस,
अमेरिकी राष्ट्रपति जो बाइडेनले ब्राजिलका पूर्व राष्ट्रपति जैर बोल्सोनारोका समर्थकहरूले त्यहाँको कङ्ग्रेस, राष्ट्रपति भवन र सर्वोच्च अदालतमा गरेको आक्रमणको निन्दा गर्नु भएको छ। उहाँहरूले उक्त कदमलाई "लोकतन्त्रमाथिको आक्रमण" भन्दै निन्दा गर्नु भएको हो। ट्वीट गर्दै राष्ट्रपति बाइडेनले ब्राजिलका प्रजातान्त्रिक संस्थाहरूप्रति आफ्नो देशको पूर्ण समर्थन रहेको पनि उल्लेख गरेका छन।


राष्ट्रपति बाइडेनले लेखेका छन - "म ब्राजिलमा लोकतन्त्र र शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरणमा भएको आक्रमणको निन्दा गर्दछु। ब्राजिलका प्रजातान्त्रिक संस्थाहरूप्रति हाम्रो पूर्ण समर्थन छ र ब्राजिलका जनताको इच्छालाई कमजोर पार्नु हुँदैन। म लुला प्रशासनसँग काम गर्न चाहान्छु।" त्यसैगरी संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले "ब्राजिलको प्रजातान्त्रिक संस्थाहरूमा भएको आक्रमणको" निन्दा गरेका छन। उनले ब्राजिलका जनता र प्रजातान्त्रिक संस्थाको इच्छालाई सम्मान गर्नुपर्नेमा पनि जोड दिएका छन।

"आज भएको ब्राजिलको लोकतान्त्रिक संस्थाहरूमा भएको आक्रमणको म निन्दा गर्दछु। ब्राजिलका जनता र प्रजातान्त्रिक संस्थाहरूको इच्छालाई सम्मान गर्नुपर्छ। मलाई पूर्ण विश्वास छ कि यो हुनेछ। ब्राजिल एक महान लोकतान्त्रिक देश हो," गुटेरेसले ट्वीटमा लेखेका छन।

यसअघि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले पनि सो आक्रमणको निन्दा गर्नुभएको थियो। उहाँले प्रजातान्त्रिक संस्थाहरूमा आक्रमण गर्न हिंसाको प्रयोग "अस्वीकार्य" भएको पनि उल्लेख गर्नु भएको छ।

एन्टोनी ब्लिन्केनले भने "हामी आज ब्राजिलको प्रेसिडेंसी, कङ्ग्रेस र सर्वोच्च अदालतमा भएको आक्रमणको निन्दा गर्दछौं। प्रजातान्त्रिक संस्थाहरूमा आक्रमण गर्न हिंसाको प्रयोग सधैं अस्वीकार्य छ। हामी यी कार्यहरूको तत्काल अन्त्य गर्न आग्रह गर्दछौं।"

ब्राजिलका पूर्व राष्ट्रपति जैर बोल्सोनारोका समर्थकहरूले सुरक्षा अवरोधहरू तोडेर आइतबार ब्राजिलको कङ्ग्रेस, सर्वोच्च अदालत र राष्ट्रपति भवनमा प्रवेश गरेको सीएनएनले ब्राजिलका सञ्चारमाध्यमहरूमा देखाइएका तस्वीरहरू



उद्धृत गर्दै उल्लेख गरेको छ।

लुइज इनासियो लुला दा सिल्भाले ब्राजिलको राष्ट्रपतिको पदभार ग्रहण गरेदेखि बोल्सोनारोका समर्थकहरू ब्राजिलियामा क्याम्पिङ गरिरहेका छन्। विरोधका कारण कङ्ग्रेसको दुवै सदन चल्न सकेको छैन।

सीएनएनका अनुसार प्रदर्शनकारीहरूले राष्ट्रपति भवनमा आक्रमण गर्दा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा भने भवनमा अनुपस्थित थिए। (रासस-एएनआई)

# भलिबल : नेपाल पुलिसको लगातार दोस्रो जित




काठमाडौँ, २५ पुस
राजधानीमा जारी सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली नेपाल पुलिस क्लब एभरेष्ट भलिबल क्लबलाई पराजित गर्दै विजयी भएको छ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा सोमवार भएको खेलमा पुलिसले एभरेष्ट भलिबल क्लबलाई ३-० को सेटमा हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको हो। यसअघि आइतबार भएको पहिलो खेलमा पुलिसले नयाँबजार युवा क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको थियो।

सोमवारको खेलमा पुलिसले एभरेष्टलाई पहिलो सेट २५-१४ ले हरायो भने खेलको दोस्रो सेट २५-९ ले जित्यो। त्यस्तै खेलको तेस्रो सेट पुलिसले २५-६ ले आफ्नो पक्षमा पार्‍यो। यस जितसँगै समूह 'ए' मा रहेको पुलिसले दुई खेलमा छ अङ्क जोडेको छ।

त्यसैगरी सोमवारनै भएको महिलातर्फको अर्को खेलमा न्यू डायमण्ड एकेडेमीले नयाँबजार युवा क्लबलाई ३-० को सोझो सेटमा हराउँदै विजयी सुरुआत गरेको छ। न्यु डायमण्डले नयाँबजारमाथि पहिलो सेट २५-२ ले जित्यो भने दोस्रो सेट २५-८ तथा तेस्रो सेट २५-६ ले हरायो। जितसँगै समूह 'ए' को न्यू डायमण्डले तीन अङ्क जोडेको छ। च्याम्पियनसिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन्।

च्याम्पियनसिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ। त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछ।रासस

# विराटनगरले फाइनल प्रवेशका लागि जनकपुर रोयल्सको सामना गर्ने



काठमाडौं, २५ पुस।
विराटनगर सुपर किंग्स काठमाडौंमा जारी पहिलो संस्करणको नेपाल टी-२० लिगको दोस्रो क्वालिफायरमा प्रवेश गरेको छ।

सोमबार भएको एलिमिनेटर खेलमा काठमाडौं नाइट्सलाई ९९ रनले हराउँदै विराटनगर दोस्रो क्वालिफायरमा प्रवेश गरेको हो। विराटनगरले अब मंगलबार फाइनल प्रवेशका लागि जनकपुर रोयल्सको सामना गर्नेछ। जनकपुर पहिलो क्वालिफायरमा लुम्बिनी अल स्टार्ससँग ६ रनले पराजित भएको थियो। नेट रन रेटको आधारमा एलिमिनेटर पुगेको काठमाडौंले भने क्वालिफायरको यात्रा गर्न सकेन। एलिमिनेटर खेलमा विराटनगरले दिएको १८२ रनको लक्ष्य पछ्याएको काठमाडौंले १२.४ ओभरमा सबै विकेट गुमाएर ८३ रन मात्र बनाउन सक्यो। उसका लागि अविनाश बोहराले अविजित १६, कप्तान ज्ञानेन्द्र मल्लले १५, लोकेश बमले १३ र कमल ऐरीले ११ रन बनाए। बाँकी ब्याटरले भने दोहोरो अंकमा समेत रन जोड्न सकेन।

काठमाडौंलाई सस्तैमा समेट्ने क्रममा स्पिनर सूर्य तामाङले २.४ ओभरमा १४ रन दिएर ४ विकेट लिए। त्यस्तै, साहब आलम, केओन जोसेफले दुई/दुई र हुसेन तलतले एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेर ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८२ रन बनायो। उसका लागि कप्तान रोहितकुमार पौडेलले अर्धशतकीय पारी खेले।

४९ बलमा ६ चौका र दुई छक्काको मद्दतमा ६१ रन बनाए। जारी लिगमा रोहितको यो चौथो अर्धशतक हो। युवा अलराउन्डर विवेककुमार यादवले आक्रामक पारी खेले। १८ बलको सामना गरेका उनले तीन छक्का र तीन चौकाको मद्दतमा अविजित ४६ रन बनाए। हुसेन तलतले ३८ र राज नाननले २३ रन जोडे। काठमाडौंका लागि अनिल खरेल, कमल सिंह ऐरीले दुई/दुई, गौतम केसी, अविनाश बोहरा र एक/एक विकेट लिए।

# इन्फोटेक टी २० मा नेशनल विजयी

मधेशदृष्टि
वीरगंज, २५ पुस। वीरगंजमा जारी नेशनल इन्फोटेक अन्तर कलेज टी-२० क्रिकेट कप अन्तर्गत सोमवार भएको खेलमा नेशनल एकेडमी विजयी भएको छ।

त्रिजुद्ध माध्यमिक विद्यालयलाई ६ विकेटले पराजित गर्दै नेशनल एकेडमीले जित हात पारेको हो। टस जितेर ब्याटीङ्ग गरेको त्रिजुद्ध माविले १६ दशामलभ ४ ओभरको खेलमा सम्पूर्ण १० विकेट गुमाएर जम्मा ८५ रन जोडेको थियो।

८६ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रिएको नेशनल एकेडमीका खेलाडीले १० दशामलभ ३ ओभरमा ४ विकेट गुमाउदै ८६ रन बनाएपछि विजय भएका हुन।

सोमवारको खेलमा प्लेयर अफ द् म्याचको उपाधि नेशनल एकेडेमीका अजाद मियाँले प्राप्त गरेको नेशनल इन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनिष सिंहले जानकारी दिनुभयो।

# घाम लागेपछि राहत



मधेशदृष्टि
वीरगंज, २५ पुस । कठ्यांग्रिदो जाडो र शितलहरले प्रभावित मध्यतराईका बारा, पर्सा, रौतहट लगायतका जिल्लाहरुमा सोमवार दिउँसो १२:०० बजेपछि पहारिलो घाम लागेपछि राहत पुगेको छ।

झण्डै दुई साता देखिको अत्याधिक जाडो तथा शितलहरले विशेष गरी विपन्न वर्ग तथा दलित समुदायका महिला बालबालिकाहरु बढी प्रभावित भएका छन्।

जाडोबाट प्रभावितहरु समेत दिउँसो घरको छत तथा खुला स्थानमा निस्केर घाम तापेका छन्।

घाम नलाग्दा घर घरमा लामो समयदेखि फोहर रहेका कपडाहरु धुन गृहणीहरुलाई घाम लागेसँगै भ्याईन नभ्याई भएको छ।

घाम लागेपछि वीरगंज लगायतका बजारमा समेत दैनिक उपभोग्य सामान खरिदका लागि उपभोक्ताहरुको भिड बढेको छ।

त्यसैगरी जिल्लास्थित सरकारी कार्यालयहरुमा समेत सेवाग्राहीहरुको संख्या बढेको छ।

बीरगंज महानगरपालिका सहित जिल्ला प्रशासन कार्यालय पर्सामा समेत सेवाग्राहीको संख्या एक साताको तुलनामा आज अत्याधिक रहेको जनाईएको छ।

लामो समयदेखि घाम नलाग्दा मध्य तथा पूर्व तराईको जनजीवन कष्टकर बनेको थियो।

# बिल बिजक भन्दा ३४ लाख बढीको

## भारतीय कपडा बोकेको ट्रक नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, २५ पुस। बिल बिजक भन्दा ३४ लाख १३ हजार बढीको भारतीय कपडा लोड भएको माल वाहक ट्रकलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

आईसिपी भन्सारबाट वीरगञ्जतर्फ आउदै गरेको ना २ ख ८५१९ नम्बरको मालवाहक ट्रकलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले सोमवार दिउँसो वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौ स्थित सडक खण्डबाट पक्राउ गरेको छ।

प्रहरीले चेकजाँच गर्दा बिल बिजक भन्दा ३४ लाख १३ हजार ६ सय २४ रुपैया बढीको देखिएपछि शंका लागेपछि ती भारतीय कपडा बोकेको सागर ट्रान्सपोर्टको ट्रक नियन्त्रणमा लिई थप कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको गिरीले जानकारी दिएका छन् ।



# नगराईनमा स्वास्थ्यका कर्मचारी आन्दोलित

जनकपुरधाम,पुस २५
नगराईन नगरपालिका अन्तरगतका स्वास्थयका कर्मचारीहरु आन्दोलीत भएका छन । नगरपालिकामा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम सहितको बजेट पारित नभएका कारणले स्वास्थ्यका कर्मचारीहरूले तलब भत्ता नपाएपछि आन्दोलित भएपछि नियमित खोप कार्यक्रम पूर्णरुपमा बन्द भएको हो।

दुई महिना देखि नियमित खोप कार्यक्रम प्रभावित भएका कारणले बालबालिकाहरूमा प्राणघातक रोगको जटिलता आउने खतरा रहेको छ । करिब ६ महिनाको तलब भत्ता नपाएका स्वास्थ्य क्षेत्रका कर्मचारीहरू तलब भत्ताको माग गर्दै आन्दोलनमा उत्रेपछि नगराईन नगरपालिकामा सबै प्रकारका नियमित खोप सेवा बन्द भएको छ ।नगरपालिकामा रहेका सबै प्रकारको खोप सेवा प्रभावित भएका कारणले जन्म देखि १५ महिनासम्मका बालबालिकाहरूलाई दिइने विभिन्न प्रकारको नियमित खोप सेवा बन्द भएको छ। क्षय रोगबाट शिशुलाई जोगाउनका लागि वि सि जि, पेन्टा, पोलियो, एफ आई टि भी, निमोनियाबाट जोगाउनका लागि पिसीभि, दादुरा रुवेला सहितका १३ वटा लक्षित खोप दिने गरिन्छ।

नगरपालिकामा कर्मचारीहरू हडतालमा उत्रेका कारणले अत्यन्तै संवेदनशील खोप कार्यक्रम बन्द रहेका कारणले बालबालिकाको स्वास्थ्यमा समस्या आउने खतरा रहेको मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयका खोप अधिकृत रामउद्गार झाले खोप नलिएको खण्डमा नेपालगन्ज जस्तै समस्या आउने जोखिम भएको बताए । शिशुहरूलाई समयमा खोप दिएको खण्डमा प्राणघातक रोगबाट जोगाउन सकिने भएकाले नियमित खोज जस्ता कार्यक्रम रोक्ने अवस्था आउन नहुने उनको कथन रहेको छ। नगराईन नगरपालिकामा नगरप्रमुख तथा उपप्रमुखका बीचमा योजनाको सञ्चालन तथा अनुगमन सहितको विषयमा नीतिगत विवाद भएका कारणले बजेट कार्यक्रम पास हुन नसकेपछि कर्मचारीहरूले तलब पत्ता नपाएपछि हडतालमा उत्रेपछि खोप जस्तो संवेदनशील विषय रोकिएको छ । समस्या समाधानका लागि पटक पटक प्रयास गर्दा समस्या समाधान नभएका कारणले खोप जस्तो संवेदनशील विषय बन्द हुनु चिन्ताको विषय भएको बताउँदै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले जानकारी दिएका छन।

# राति १२ बजेसम्म होटल खोल्न व्यवस्था मिलाउन माग

मधेशदृष्टि
वीरगंज, २५ पुस । वीरगंजका होटल व्यवसायीहरुले पर्साका प्रमुख जिल्ला अधिकारीलाई सोमवार ज्ञापन पत्र बुझाउदै राति १२ बजे सम्म होटल खोल्ने व्यवस्था मिलाउन माग गरेका छन।

नेपाल सरकारले काठमाडौ लगायत अन्य केही महानगर हरुमा २४ सै घण्टा होटलहरु खुल्ने बाताबरण बनाए संगै बिरगंजमा पनि कम्तिमा राती १२ बजे सम्म भएपनी होटल खोल्ने ब्यबस्था मिलाइदिन आग्रह गर्दै आफूहरुले पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाललाई ज्ञापन पत्र बुझाएको नेपाल होटल व्यवसायी महासंघका केन्द्रिय सचिव हरि पन्तले बताएका छन्।



ज्ञापन पत्र बुझेपछि प्रमुख जिल्ला अधिकारी ढकालले तुरुन्तै सम्बोधन गर्न सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिम्सिनाको संयोजकत्वमा भोलि दिउँसो २ बजे बैठक बस्ने गरि समिती समेत गठन गरिदिनु भएको पन्तले बताए।

यसैगरी होटल व्यवसायीहरुले जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाहसँग भेट गरी रातको समयमा होटल संचालन गर्नु पर्ने मागको बारेमा जानकारी गराएको र प्रहरी उपरीक्षक समेतले आफूहरुको माग सकरात्मक रुपमा लिएको पन्तले बताए।

# हुण्डी कारोवारमा संलग्न युवक १२ लाख २० हजार सहित पक्राउ

मधेशदृष्टि
वीरगंज, २५ पुस । हुण्डीको कारोवारमा संलग्न भएको आरोपमा श्रोत नखुलेको १२ लाख२० हजार नगद सहित एक जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले वीरगंज महानगरपालिका वडा नम्बर २५ सिर्सिया स्थित सडक खण्डमा विआर ०५ एई ३५५६ नम्बरको भारतीय मोटर साईकल चोकजाँचको क्रममा वीरगंज महानगरपालिका वडा नम्बर १७ निवासी १९ बर्षिय राजन कुमार साहलाई सोमवार पक्राउ गरेको हो।

साहलाई हेलमेट तथा कालो ज्याकेट भित्र लुकाई छिपाई राखेको अवस्थामा श्रोत नखुलेको १२ लाख २० हजार नगद सहित निजलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले बताए।

अभियुक्तलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बिरूद्धको कसूरमा अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडी बढाईएको गिरीले बताउनु भयो।

# फोहोर फाल्ने दुई वित्तिय संस्थालाई कारवाही

मधेशदृष्टि
वीरगंज २५ पुस । सडकमा जथाभावी फोहोर फाल्ने वीरगञ्ज लिंक रोडका २ वटा वित्तीय संस्थालाई सोमवार जरिबाना गरिएको छ।

वीरगञ्जलाई सफा, सुन्दर बनाउनका लागि जथाभावी फोहोर फाल्नेलाई कारबाही अभियान अघि बढाएको महानगरले लिंक रोडमा रहेको कृषि विकास बैंकलाई १ हजार रुपैयाँ र गगन बचत तथा ऋण सहकारी संस्थालाई २ हजार ५ सय रुपैयाँ जरिबाना तिराईएको महानगरका सरसफाई प्रमुख सरफुद्धिन मियाँले जानकारी दिएका छन् । पहिले सचेत गराउँदै आए पनि फोहोर जथाभावी फाल्न नछाडेपछि जरिवाना स्वरुप कारबाही प्रक्रिया अगाडी बढाईएको हो । यस अघि महानगरले जथाभावी फोहोर फालेको आरोपमा बीरगंज आदर्शनगरको कुमारी बैंक तथा अन्य २ वटा पसललाई जरिवाना तिराएको छ । महानगरले नगर हरियाली र सफा बनाई राख्न अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान चलाईरहेको छ । वीरगञ्जलाई सफा, स्वच्छ र हराभरा बनाउन सबैको सहभागितामा मात्रै संभव रहेकाले यसलाई अटेर गर्दै फोहोर गर्नेलाई कारबाही गरिने महानगरले चेतावनी दिएको छ। सडकमा जथाभावी फोहोर गरेको भेटिए जो कोहीलाई पनि कारबाही गरिने गरी संयन्त्र परिचालन गरिएको छ।

# विद्यालय व्यवस्थापन समितिका ४ अभिभावक चयन

मधेशदृष्टि
वीरगंज, २५ पुस । पोखरिया नगरपालिका वडा नम्बर १ मा रहेको नेपाल राष्ट्रीय सशीधार कृष्णा आधार भूत विधालय बनकटवामा विद्यालय व्यवस्थापन समितिका लागि ४ जना अभिभावक चयन भएका छन ।चयन हुने अभिभावकमा सुरेश प्रसाद कुर्मी , गणेश महारा , सारदा देवी ठाकुर र सरिता देवी पासवान रहेका छन।

पोखरीयान गरपालिका वडानम्बर १ का अध्यक्ष प्रमोद गिरीको अध्यक्षतामा सम्पन्न भेलामा पोखरीया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान, विद्यालयका प्रधानाध्यापक लक्ष्मण सिंह, पोखरिया नगरपालिकाका शिक्षा शाखाका संयोजक विजय झा, मनोज प्रसाद कुर्मी , राजू गिरी, पारस ठाकुर, उमेश चौहान लगायतको सहभागिता रहेको थियो।

# विद्यालय व्यवस्थापन समिति गठन स्थगित

छठु साह
वीरगंज, २५ पुस । श्रीराम चारित्रभगत माध्यमिक विद्यालय पकहामैनपुरको विद्यालय व्यवस्थापन समिती गठनका लागी भएको अभिभावक भेलामा सहम्मती जुटन नसक्दा अनिश्चितकालका लागी स्थगित भएको छ।

प्रधानाध्यापक छोटेलाल साहको अध्यक्षतामा बसेको अभिभावक भेलामा सहमती नभएपछि गठन प्रक्रिया स्थगित गरिएको हो । सोमवार भएको अभिभावक भेलामा १ सय ५ जना अभिभावक मध्ये ८१ जनाले बिधालय ब्यवस्थापन समितीका अध्यक्षका लागी उम्मेदवारी घोषणा गरेका थिए।

घोषणा गरेका प्रत्येक वडाका उम्मेदवारहरुलाई वडा स्तरमा पहिला सहम्मती जुटाउन समय दिइएको थियो । वडा स्तरिय उम्मेदवारहरुमा नै सहमती नजुटेका कारण गठन कार्य स्थगित भएको हो । १ हजार ६ सय ३ बिधार्थी संख्या रहेको बिधालयमा ब्यवस्थापन समिती गठनका लागी १ सय ५ मात्रै अभिभावकको उपस्थिती रहेको थियो । करीब ९ बर्ष अगाडी देखी बिधालय ब्यवस्थापन समिती बिहिन रहेको विद्यालयमा आवश्यक धेरै कुरा गर्न नसकिएको शिक्षकहरु बताएका छन।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल